साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४२ अंक ९ २०८० असोज २, मंगलबार (Sept. 19, 2023) मूल्य रू. १०/-

## ९ लाख युवा विदेशीदा, चासो खोई

वर्षदिनमै वैदेशिक रोजगारीको खोजी र उच्चशिक्षा हासिल गर्न भनेर ९ लाख युवा विदेशीए । ७ सय ६१ सरकार, ८ सय ८४ सांसद, शितल निवास र प्रदेशका महाराजाहरू के हेरेर बसेका छन् । युवालाई फर्काउने, जानबाट रोक्ने विषयमा न संसद, न सांसदले चासो राखेका छन् । वैदेशिक रोजगारीबाट देश विकास हुने भए कोरिया सम्पन्न हुनेथिएन । रक्षानको भातका सिता टिपेर खाने कोरिया आज सम्पन्न भएको छ, त्यो आत्मनिर्भरताको योजना अँगालेर हो ।

विश्व बैंकको केही वर्ष अघिकै रिपोर्टअनुसार २० वर्षमै नेपाल बुढाबुढी र बालबालिकाको देश बन्ने खतरा छ भनेको थियो । एयरपोर्टमा हेर्नुपर्छ- दिनहुँ हजारौं हजार युवा विदेशीनेको लाइन बढ्दै गएको छ । विदेशी हवाई सेवा, विदेशी एजेण्ट, विदेशी कम्पनी, विदेशी विश्वविद्यालयमा नेपाली युवाहरूको भीड देखिन्छ । यो कहालीलाग्दो दृश्यले कुनै योजनाविद, समाजशास्त्री, बुद्धिजीवी, नागरिक समाज, चिन्तकहरूले चिन्ता नगर्नु भनेको देश भड्खालोतिर जाकिदैछ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । पढेलेखेका र युवाशक्ति विदेशीने, तस्कर र माफियाले देश चलाएपछि देश अग्रगमनमा गइरहेको छ कि पश्चगमनमा ?

# एमसीसी, बीआरआई- कति लाभ, कति बिलाप




काठमाडौं । प्रधानमन्त्री प्रचण्ड राष्ट्रसंघको बैठकलाई संवोधन गर्न र अमेरिकी राष्ट्रपति जो वाइडेनले आयोजना गर्ने स्वागत समारोहमा फोटो शेशनका लागि न्यूयोग पुगेका छन् । यी दुबै समारोहमा सहभागी भएपछि न्यूयोर्कबाट चीन प्रस्थान गर्नेछन् । जहाँ चिनियाँ प्रधानमन्त्री र राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता र दर्जनौं सम्झौतामा सहमति हुनेवाला छ । नेपालले १४१४ किलोमिटर लामो सीमावीच भूकम्प र कोभिडका कारणबन्द भएका सीमा नाका खोल्न आग्रह गर्नेछ भने ४ वर्ष अघि नेपाल भ्रमणमा आएका बेलामा राष्ट्रपति सीले घोषणा गरेका रेलवेदेखि थुप्रै योजना सुचारू गर्न आग्रह गर्ने भनिएको छ ।

यद्यपि प्रम प्रचण्डले न्यूयोर्क प्रस्थान गर्नुअघि कूटनीतिक विज्ञ, विशेषज्ञ र पूर्व प्रधानमन्त्रीहरूसँग सुझाव संकलन गरेका थिए । नेपाल चीनवीचको पुरानो सम्बन्ध र नेपाल नीतिका विषयमा परिपक्व हिसावले कुरा राख्न सुझाएका थिए, ती सुझावका बारेमा प्रम प्रचण्डले के कति र कसरी कुरा अघि बढाउने हुन्, त्यो केही दिनमै प्रष्ट हुनेछ ।

यसैवीच चीनको एक्जिम बैंकको ऋण सहयोगमा बनेको पोखरा विमानस्थलको ऋण मिनाहका लागि पनि प्रस्ताव गर्ने भनिएको छ । पोखरा र चीनकै ठेकेदारले निर्माण गरिदिएको भैरहवा एयरपोर्ट सञ्चालन गर्न चीनका पर्यटक र बुद्धमार्गी मुलुकका पर्यटकलाई आकर्षित गरिदिन चीनको कूटनीतिक पहलको पनि नेपालले अपेक्षा गरेको छ । पछिल्लो समय चीनले पोखराको फेवातालमा ड्रागन फेस्टिबल मनाएर नेपाललाई पर्यटन गन्तव्यका रूपमा प्रचार गरिदिएको छ, चिनियाँका लागि पनि नेपाल पर्यटन गन्तव्यको सूचीमा सामेल गरिदिएको छ । यसमाथि चीनका ७ प्रकार एयरलाइन्सले नेपालमा उडान भर्न थालेबाट नेपालमा पर्यटकको चाप बढाउन चीनले सहयोग गरेकै मान्नुपर्छ ।

यद्यपि चीनको चासो नेपाल किन पश्चिमातिर लागेर रूसको विरूद्ध खडा भयो ? एमसीसी पारित गरेपछि अमेरिकी सैनिकसँग भइरहेको संयुक्त सैनिक अभ्यासका बारेमा पनि चीनले चीलको नजरले हेरिरहेको देखिन्छ ।

अर्थात् चीनको चासो आफ्नो सुरक्षातिर बढी छ । एमसीसी कार्यान्वयनका लागि अमेरिकी कूटनीतिक र सैनिक आवत जावत बाक्लिएकोमा पनि चीनको चासो रहनेछ । नेपालका उत्तरी सीमामा रहेका गुम्बाहरूमा कतै २०२८ सालपछि खम्पाहरूले गरेझैं अमेरिकीले सैनिक तालिम र हतियार थुपारेका त छैनन् ? अमेरिका एमसीसीको कार्यान्वयनका लागि सैनिक क्याम्प खडा गर्ने, एसपीपीका लागि प्रयासरत रहेको त होइन ? चीन आफू नबोले पनि आफू निकट सञ्चारमाध्यम र कूटनीतिज्ञका मुखाबाट यस्ता अनेक संशययुक्त प्रश्न उठाउन थालेको देखिन्छ ।


एमसीसीलाई प्रम दाहाल नेतृत्वको माओवादी केन्द्र र यसका नेताहरूले रहस्यमय बनाइदिएका छन् । लीलामणि पोखरेल, देव गुरूङहरू एमसीसीका बारेमा बिरोध नै गरिरहेका छन् । प्रम प्रचण्डको नेतृत्वमा गठन भएको समाजवादी मोर्चाका मुख्य सदस्य विप्लवले एमसीसीविरूद्ध अभियान नै थालेका छन् । अमेरिकी मन्त्री आएका बेलामा प्रचण्डले भने भदौ १३ देखि एमसीसी कार्यान्वयनमा गएको र ५ वर्षभित्रै यो परियोजना सम्पन्न हुने प्रतिवद्धता जनाएका थिए, त्यसपछि अमेरिकी पक्षले धन्यवादसमेत दिएर गएको थियो । त्यसपछिका दिन एमसीसीले आयोजनामा पर्ने रूख कटान, जग्गाअधिग्रहणदेखि बाँकी रहेका समस्या समाधानमा अग्रसरता देखाएको छ, सरकारी पक्ष भने सकृय हो कि निस्कृय, स्पष्ट तस्वीर सामुन्ने आएको छैन ।

मुख्य सवाल हो, एमसीसीबाट नेपाल र नेपालीले के के लाभ पाउने छन् भन्ने विषयमा ठूला पार्टीहरूले जनतामा बुझाउने कुनै अग्रसरता नै देखाएका छैनन् । एमसीसी पास गर्ने हाम्रै नेता, संसद हो । एमसीसीबाट नेपालीको रोजीरोटी, विकासमा के के लाभ हुन्छ, के कसरी समयमै सम्पन्न हुने हो, बताउने जिम्मेवारी सरकार र जनप्रतिनिधिकै हो । तर कसैले आआफ्नो जिम्मेवारी र जवाफदेहीता पूरा गरेको देखिदैन । यसकारण पनि एमसीसी सम्पन्न होला र ? भन्ने आशंका उठेको हो । प्रम प्रचण्ड चीन पुग्दा एमसीसी, अमेरिकी सेना, भारतको मौनताका विषयमा नेपालको नीतिबारे प्रश्न उठ्नेछ । योभन्दा पनि १४ मे २०१३ मा वन बेल्ट वान रोड रणनीति, सिल्क रोड आदि विभिन्न नामले चिनिने र २९ राष्ट्र प्रमुख, १२९ भन्दा बढी देशहरू र ७० भन्दा बढी अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू सामेल भएको बीआरआईमा नेपाल सहभागी भएको र नेपालमा बीआरआई कार्यान्वयनमा लैजाने विषयमा नेपालको आधिकारिक धारणा चीनले माग्ने पक्का छ । नेपालले दर्जनौं आयोजना बीआरआई अन्तर्गत सञ्चालन गर्ने तय पनि गरेको हो तर भारतको दबाबमा उत्तरी नाका खोल्न उदासिन रहदै आएको र बीआरआईबाट अलग बस्न आएको भारो-पश्चिमा दबाबलाई प्रम प्रचण्डले कसरी डिल गर्ने हुन्, त्यो महत्वपूर्ण विषय हुनेछ ।

भारतले हालै २ दिने जी२० अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गऱ्यो । बंगलादेशलाई निम्तो पठाउने भारतले नेपाललाई बोलाउन उचित ठानेन । विश्वमै आश्चर्यजनक रूपमा भारत र नेपालवीच १८८० किलोमिटर लामो खुला सीमा छ, सम्बन्ध चिसो छ भन्ने प्रमाणित भारतले नै गरिदिएको छ । प्रम प्रचण्डको चीन भ्रमणका अवसरमा नेपालको भारत र चीनवीचको समदूरीको सम्बन्ध, भारत र चीनको सुरक्षा चासो, नेपालमा बढ्दो विश्वशक्ति अमेरिका र चीनवीचको शीतयुद्धको छायाँ, अनेक विषयको उठान हुनेछन् ।

नेपालको कथनी र करनीमा चीन विश्वस्त छैन । बुद्धि पुऱ्याउने हो भने एमसीसी र बीआरआईमात्र होइन, भारतको आर्थिक शक्तिबाट समेत लाभ लिन सकिन्छ । यद्यपि नेपाली नेताहरू व्यक्तिस्वार्थका लागि राष्ट्रिय स्वार्थलाई तिलाञ्जली दिने र लम्पसार नै पर्ने चरित्रका कारण विश्वमै नेपालको साख गिर्दै गएको छ । त्यसमाथि भ्रष्टाचार, तस्करी, अपराधिकरणका कारण सुरक्षा प्रशासनमा समेतमा खतराहरू बढेका छन् । यहीकारण धेरैको जिज्ञासा छ, एमसीसी र बीआरआई लाभ कि बिलाप हुनेहो ?

## चीनले नेपालसँग विश्वास खोज्नेछ




काठमाडौं । २०१९ मा चिनियाँ राष्ट्रपति सी जिनफिङले नेपाल भ्रमण गर्दा चीनविरोधीलाई धुलोपिठो पार्ने सन्देश दिएर गएका थिए । त्यसपछि नेपालले चीनसँग विश्वास बढाउनेभन्दा गुमाउने कर्म गर्दै आएको छ ।

असोज ५ गते चीन पुग्ने प्रम प्रचण्डले सीसँगको भेटमा कसरी विश्वस्त पार्लान् ?

चीनको नयाँ नक्सा, नेपालको नयाँ नक्सालाई अस्वीकार किन गरेको ? चीनसँगका पारवहन र यातायात सम्झौतामा कुरा होलान् ? चीनलाई नेपालले सन्तुलनको बाटो छोड्न थालेको, एकातर्फ ढल्किन थालेको र चीनसँगको सम्बन्धलाई कम आँक्न वा महत्व दिन थालेको हो कि भन्ने शंका छ । यी तमाम शंका मेटाएर प्रम प्रचण्डले नेपाल-चीन सम्बन्ध पुनर्ताजगी गराउन सक्लान् ?

प्रम प्रचण्डले २०१७ मा नेपालले सही गरेको बीआरआईमा छानिएका ९ आयोजनाको कार्यान्वयन, विद्युत व्यापार, निर्यातका विषय, नाका खोलिनुपर्ने, जन-जन सम्बन्ध र दुई देशबीच भएका सम्झौता कार्यान्वयन हुन्छ भन्न सक्लान् ?

## लिम्पियाधुरा : नेपालमा भारतीय शासन




## फेरि अनमिनजस्तै निकाय माँग्न लागेको हो ?



काठमाडौं । प्रधानमन्त्री प्रचण्डले संयुक्त राष्ट्रसंघमा नेपालको शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउने विषयमा सहयोगको अपिल गर्ने न्यूयोर्क जानु र राष्ट्रसंघको ध्यान आकर्षण गर्नु भनेको अनमिनजस्तै अर्को निकाय माँग्न लागेको आशंका उठेको छ । अहिले नै विश्वशक्तिको हस्तक्षेप बढेको छ, अर्को निकाय नै नेपाल आयो भने नेपालको शासनव्यवस्थामा के मात्र नहोला ?

आन्तरिक सत्ता राजनीतिको तानातानमा नेपालले विदेशी हस्तक्षेप निम्त्याउन लागेकै हो त ?

१७ वर्षदेखि जनयुद्धकालीन शान्ति प्रकृया टुङ्गोमा पुग्न सकेको छैन । माओवादी नै यो कालखण्डमा सत्ताको किनपिन नै भएर रह्यो, अहिले पनि २७५ मा ३२ सिट भए पनि सत्ताको बागडोर सम्हालीरहेको छ । तथापि उसले चाहेजसरी टीआरसी बिधेयक पारित हुनसकेको छैन, जनयुद्ध पीडितहरूले न्यायका लागि संघर्ष गरिरहेकै छन् । आन्तरिक शान्ति प्रकृया र राजनीतिक व्यवस्थामा बढ्दो संकटको व्यवस्थापन राजनीतिक दलहरूले नै मिलेर गर्नुपर्ने हो । तर सकेनन्, गर्न चाहेनन्, अथवा एकलौटी रूपमा भनेजस्तो हुनसक्ने अवस्था रहेन । शायद यही कारण प्रम प्रचण्डले राष्ट्रसंघ गुहारेको हुनसक्छ ।

यद्यपि यसअघि इटलीको रोम पुग्दा एक कार्यक्रममा प्रम प्रचण्डले राष्ट्रसंघीय महासचिवलाई भेटेरै यस सम्बन्धमा कुरा राखिसकेका थिए । यसरी माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले कि त आफूले भनेजस्तो टीआरसी बिधेयक पारित गर्न, नभए राष्ट्रसंघ गुहार्ने चालबाजी गरेको रूपमा पनि कतिपयले बुझेका छन् । राष्ट्रसंघ अहिलेसम्म स्पष्ट छैन, गुहारको कुनै स्पष्ट असर देखिएको पनि छैन । प्रम प्रचण्डले संक्रमणकालीन न्याय व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय समुदायको सहयोग आवश्यक पर्ने बताइरहदा लडाकु, जनयुद्धकालीन हतियार व्यवस्थापन भइसके पनि बेपत्ता नागरिक खोजबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (टीआरसी) मा दलहरूकाबीच असन्तुष्टिहरू बढेर गएका देखिन्छन् । सरकारमा सामेल १० वीचनै पनि असहमति देखिएका छन् ।

७८औं महासभामा सहभागी हुन असोज १ गते न्यूयोर्क पुगेका प्रम प्रचण्डले तात्तातै राष्ट्रसंघका महासचिव गुटेरेसबीच भेटवार्ता, शान्ति प्रक्रियाबारे छलफल गरिसकेका छन् । प्रधानमन्त्री प्रचण्डले महासचिवसँगको भेट भएकोमा खुसी व्यक्त गर्दै नेपालको शान्ति प्रक्रिया, शान्ति सेना, जलवायु परिवर्तन, दीगो विकासका लक्ष्यहरूका विषयमा छलफल भएको बताएका छन् ।

नेपाल र संयुक्त राष्ट्रसंघबीचको सहकार्यलाई थप सुदृढ गर्ने विषयमा वार्ता त भयो, राष्ट्रसंघले अमेरिकी नीतिलाई बल पुऱ्याउन अनमिनजस्तो कुनै प्रतिनिधि पठाए के होला ? नेतृत्वतहले सत्तास्वार्थ र आफ्नो सुरक्षामात्र हेर्ने हो भने देश र जनताको शान्ति र सुरक्षा झन झन जटिल र असामान्य हुँदै जाने त होइन ?

## जनता राप्रपातिर

काठमाडौं । राप्रपा र राप्रपा नेपालले सडकमा जनता उतारेका छन् । ०६३ सालपछि निकै आलोचित बनेको राप्रपा र राप्रपा नेपालतिर जनआकर्षण बढ्न थालेको छ । स्थापित दलहरूले राम्रो काम गर्न नसकेकाले जनतामा नैराश्यता बढेको र राप्रपा र अन्य नयाँ दलतिर जनसहभागिता बढ्न थालेको नेता झलनाथ खनालले पनि स्वीकार गरेका छन् । यस्ता दलको भविष्य छैन भनेर जतिसुकै आलोचना गरे पनि बढ्दो जनसहभागिताले आगामी निर्वाचनमा स्थापित दलहरूको हैसियत देखिने त होइन भन्ने प्रश्न विश्लेषण हुन थालेको छ ।

## परमादेश मान्ला सरकारले ?

*नेपाल-भारतवीचको खुला सिमाना व्यवस्थित गर्न सीसीटीभी, ड्रोनको प्रयोग गर्नु, नेपालप्रवेश गर्ने भारतीयको अभिलेख राख्नु भनेर सर्वोच्च अदालतले सरकारका नाममा परमादेश जारी गरेको छ । ४२ वर्षअघि नै १८८० किलोमिटर लामो सीमा नियमन गर्नुपर्छ भन्दा डा.हर्क गुरूङलाई फाँसी दिनुपर्छ भन्नेहरू परमादेशबारे मौन छन् । भारत रिसाउँछ भनेर आफ्नै भूमिमा भारतीय शासन हेर्ने र भूमि फिर्ता ल्याउन प्रयास नगर्नेको भीडले परमादेश मान्ला र ?*



## छोरीको मायाँ (लघुकथा)

गाउँमा एकजना भलाद्मी मानिसको मृत्यु भएछ । उसका छोराहरू र छरछिमेक मिली लास जलाउन लैजाने तयारी भइरहेको समयमा एक अपरिचित व्यक्ति आउँछ र लासको पाउ समात्दै भन्न लाग्छ 'मर्ने मानिसले मसँग १५ लाख लिनु भएको थियो, पहिला मलाई उक्त पैसा कसले तिर्ने भन्नुहोस्, त्यसपछि मात्र लासको दाहसंस्कार गर्न लैजानुहोस् ।'

अब तमाम मलामीहरू खडा भएर तमाशा हेरिरहेका थिए, छोराहरूले बताए कि मर्ने मानिसले कहिल्यै कसैसँग पैसा कर्जा लिएको कुरा गर्नु भएको थिएन । त्यसैले हामी यो पैसा दिँदैनौँ । छोराहरूले त तिर्दैनन् भने हामी छिमेकीहरूले त तिर्ने कुरै भएन भन्न लागे छिमेकीहरू । लासलाई बोक्न खोज्छन् तर त्यस मानिसले लासको पाउ समातेर बसिरहेको हुन्छ । यो खबर घरभित्रसम्म पुग्छ । बुहारीहरू हामीलाई थाहा छैन र पैसा तिर्दै तिर्दैनौँ भन्छन् । मर्ने मानिसकी एउटी छोरी पनि थिइन् जो रूँदै बाहिर आइन् र लासको गोडा समाउने व्यक्तिलाई आफ्नो गरगहना फुकालेर दिँदै भन्छिन् -

'लिनुहोस् यी गहना । यसलाई बेच्नुहोस् र आफ्नो पैसा असुल गर्नुहोस् तर बिन्ति गर्दछु बाबाको अन्तिम दाहसंस्कार नरोक्नुहोस् । नपुगेको रकम पछि तिर्छु, सक्दो चाँडो व्यवस्था गर्छु ।'

अब लास समाउने मानिस उक्त छोरीलाई सान्त्वना दिँदै भन्छ, "छोरी, म यहाँ कसैलाई चिन्दिन, उहाँको बारेस चिन्नु थियो । मुख्य कुरा त उहाँले मसँग पैसा माग्नुभएको थिएन, बरू मैले उहाँसँग मागेको थिएँ । उहाँ बित्नुभएको थाहा पाएँ र कर्जा फिर्ता गर्दा कसलाई दिने हो भनी बुझ्न यो नाटक गर्नु पर्‍यो । अकस्मात् प्राप्त भएको सम्पतिमाथि धेरैले आँखा गाड्छन, मलाई सही हकदार चिन्नु थियो । लौ राख यो १५ लाख रूपियाँ र मलाई दिएका सबै गहना पनि फिर्ता लेऊ । यसमा हक तिम्रो मात्र छ ।'

वास्तवमा छोरीको माया- जीवनको साया हो । छोरीलाई बचाउने, पढाउने र अघि बढाउने संकल्प गरौँ । जसको घरमा छोरी छिन्, त्यो घर पहिलो स्वर्ग हो ।

मार्फत : लोकनारायण सुवेदी

## पत्रकार खालिङको चिया गफ

गान्तोकका पत्रकार, कवि प्रवीण खालिङको "चिया गफ" आउँदैछ । प्रवीण खालिङ सिक्किमबाट कविता, कथा, अनुवाद र निबन्ध लेखनमा अभ्यासरतछन् । उनको दोस्रो कृति "चिया गफ"-को रूपमा चाँडै बजारमा आउने भएको छ ।

समाचारअनुसार पत्रकारितामा लामो समयदेखि अभ्यास गरिरहेका खालिङले सिक्किमको राजधानी गान्तोकमा बसेर धेरैवटा पत्रपत्रिका र नेपाल दार्जीलिङका अनलाइन पत्रिकामा गफहरू प्रकाशित गर्दै आएका छन् । जो मान्छेको जीवनका उकाली ओरालीमा भेटिने कुराहरूलाई कवितात्मक शैलीमा लेखिएका निबन्धजस्तो लाग्ने तर गफकै रूपमा लेखिएको विभिन्न विषयलाई समेटिएका लेखहरूको संग्रह हो। उनी भन्छन् चिया गफ जहाँ सिक्किम छ, दार्जीलिङ छ, कालेम्पोङ छ । पूर्वोत्तर भारतमा बस्ने नेपालीहरूको समस्या र कष्टहरू छ । नेपाल छ र छ विभिन्न साहित्यकारहरूले लेखेका कुराहरूको टिप्पणी र चर्चाहरू पनि । कुनै किताबका मृत पात्रालाई गफमा प्रेमिल बनाएर जिउँदो पारेर सिरिजमा लेखिएका गफहरू पनि छुट्टै विशेषताका छन् । सिक्किम भारतमा विलय हुँदाको क्षणको ऐतिहासीक प्रसंग र इतिहासको पानामा कतै ओझेल पात्र बसन्त छेत्रीलाई भेट्न सकिन्छ ।

गोर्खाहरूको समस्या, विचारको अभाव, नेपालीहरूको राजनैतिक बुद्धिमाथिको प्रहार, कतै चम्चागिरीको हदै मासेर राजनीतिज्ञहरूलाई देवत्वकरण गर्ने परम्पराहरूमाथि कठोर व्यङ्ग प्रहार छ । नेपालीहरू जहाँ रहे पनि उनीहरूको भोगाइ पिड़ा, उहापोह उस्तै छ । त्यसलाई गफ गर्ने पाराले भनिदिनु र गफ नै पनि लेख्नु पर्ने विषय हो भन्ने स्थापित गर्ने प्रयासको रूप मान्न सक्छौं । त्यसैगरि समाजमा रहेका कतिपय परम्परा र व्यवस्थामाथि प्रहार छ । यसैगरि देशले नेपालीभाषीलाई हेर्ने दृष्टिकोण अनि देशभक्तिको मूल्याङ्कनलाई प्रश्नको घेरोमा राखिएको छ ।

प्रवीण खालिङको यसअघि झरी प्रेमका कविताहरूको सङ्कलन प्रकाशित छ । भारतबाट थालिएको समावेशी साहित्य लेखनको एक संस्थापक अभियन्ता खालिङ पेशाले पत्रकार हुन् भने फोटोग्राफी, भिडियोग्राफी, डकुमेन्ट्री बनाउने अनि देशाटनमा धेरै चासो राख्ने युवा हुन् । उनको चिया गफमा यात्रा विवरण पनि भेटिन्छ ।

# राष्ट्रसंघको कुम्भमेला र प्रम दाहालको विदेशी गुहार्ने चाहना



डा. केशव देवकोटा

नेपालका प्रधानमन्त्रि पुष्पकमल दाहाल यतिबेला संयुक्त राष्ट्रसंघको ७८ औं महासभाको कुम्भ मेलामा सहभागी हुनेक्रममा अमेरिकाको न्युयोर्कमा हुनुहुन्छ । उहाँ शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउने बहानामा राष्ट्रसंघलगायतको अन्तराष्ट्रिय समुदायलाई फेरी नेपालमा गुहार्ने सपना बोकेर त्यहाँ पुग्नुभएको हो ।

गत भदौ पाँचबाटै राष्ट्रसंघको मुख्यालयमा शुरूभएको चहलपहलमा अब विश्वका १९३ देशका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूको प्रबेश भएको छ । अन्य केही आमन्त्रित मुलुकका राष्ट्रप्रमुख, सरकार प्रमुख वा उनीहरूका प्रतिनिधि पनि न्युयोर्क पुगिसकेका समाचार बाहिर आएका छन् । राष्ट्रसंघका महाँसचिव एन्टोनियो गुटेरेसबाट सेप्टेम्बर पाँचमै महासभाको उद्घाटन भैसकेको अवस्था छ । सो उद्घाटनकाक्रममा गुटेरेसले गहिरो चुनौती र बिभाजन ब्यहोरिरहेको विश्वलाई सुधार्नुपर्ने खालको अभिब्यक्ति दिनुभएको थियो । उहाँले दिगो विकासका लक्ष्य, जलवायु परिवर्तन, उत्पादनशील रोजगारी सिर्जना, महिला र युवाका लागि आर्थिक अवसरलगायत क्षेत्रमा काम गर्नुपर्ने बिषय उठाउनु भएको थियो । यसअघिका तीनवटा महासभाहरू औपचारिकतामा टुंगिएका थिए । सन् २०२० को महासभा कोरोनाका कारण भर्चुअल भएको थियोभने त्यसपछिका सन् २०२१ र २२ का महँसभाहरू सीमित प्रतिनिधिको उपस्थितिमा सम्पन्न गरिएका थिए । त्यसैले यस पटकको महासभामा बिशेष चहल पहल देखिएको छ ।

यसपटक महासभाको अध्यक्षताका लागि क्यारेबियन मुलुक ट्रिनिडाड एन्ड टोबागोबाट युएनका लागि स्थायी प्रतिनिधि डेनिस फ्रान्सिस नियुक्त हुनुभएको छ । महासभाको मुख्य शुरूवात आज असोज दुईगते (सेप्टेम्बर १९) बाट हुँदैछ । जारी महासभाको नारा *'विश्वासलाई पुनःस्थापित गर्ने र विश्वव्यापी एकतालाई फेरि जागृतगर्दै सन् २०२० को एजेन्डा र दिगो विकासका लक्ष्यहरूलाई शान्ति, समृद्धि, प्रगति र दिगोपनका लागि गति बढाउँदै लैजाने काम गर्ने'* रहेको पाइन्छ ।

नेपालका प्रधानमन्त्री दाहालले असोज चारगते (सेप्टेम्बर २१) मा सम्बोधन गर्ने कार्यक्रम छ । यसपटक नेपालले झण्डै एकदर्जन कार्यक्रमहरूमा सहभागिता जनाउनुपर्ने भएको छ ।

महासभामा नेपालबाट दुई वर्षपछि मात्र प्रधानमन्त्रीको तहबाट सम्बोधन हुनलागेकाले यसलाई बिशेष रूपमा हेरिएको छ । यसअघि सन् २०१८ मा तत्कालीन प्रधानमन्त्री केपी ओली, सन् २०१९ मा ओली सरकारका तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली सहभागी हुनुभएको थियोभने सन् २०२० को महाँसभामा कोरोनाको महाँमारीका कारण तत्कालीन प्रधानमन्त्री ओलीलेनै भिडियोमार्फत सम्बोधन गर्नुभएको थियो । सन् २०२१ मा भएको महासभामा तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारका परराष्ट्रमन्त्री डा.नारायण खड्का र सन् २०२२ को महाँसभामा परराष्ट्र सचिव भरतराज पौड्याल सहभागी हुनुभएको थियो । पछिल्लो महासभाको बैठकमा नेपालका प्रतिनिधिले रूस-युक्रेन युद्धका सन्दर्भमा युक्रेनको पक्षमा बोल्नुकासाथै रूसका बिरूद्ध मतदान गरेका कारण सो बिषय बिवादमा परेको छ । जबकी सो बिषयमा नेपालका दुई छिमेकी चीन र भारत ततष्ट रहँदैआएका छन् । उनीहरूले वार्ताका माध्यमबाट रूस-युक्रेन युद्धको समाधान गरिनुपर्ने भन्दै अबसर पाएमा आफूहरू वार्ताको मध्यस्तता गराउन तयार रहेको बताएका छन् । जुन कुराहरू यस पटकको महासभामा पनि उठ्नेवाला छ । जसमा नेपालले यसअघिको अडान सुधार्न सक्नुपर्ने र आफूलाई छिमेकी चीन र भारतकै हाराहारीमा तटष्थ राख्न सक्नुपर्ने ठानिएको छ ।

महासभाको यो बैठकमा पनि नेपालले आफूलाई रूस-युक्रेन युद्धको मामिलामा ततष्ट राख्न नसकेको खण्डमा नेपालको असंलग्न परराष्ट्र नीतिकै बारेमा संसय उत्पन्न हुनेवाला छ । नेपालले यसपटक झण्डै एकदर्जन मुख्य कार्यक्रमहरूमा सहभागिता जनाउनुपर्ने छ । त्यसमा पनि नेपालको प्रस्तुति कस्तो रहन्छ ? त्यो सबैका लागि जिज्ञासाको बिषय भएको छ । नेपालले विकासका लागि उच्चस्तरीय लगानी, वातावरण, स्वास्थ्यलगायतका बिषयमा हुने छलफलमा नेतृत्व गर्ने कार्यक्रम छ । नेपालले अतिकम विकसित राष्ट्रहरू (एलडीसी) को अध्यक्षता पनि गर्नेछ । त्यहाँ हुने साइडलाइन वार्ताहरूमा सार्ककाबारेमा पनि कुरा उठान हुनसक्ने छ । राष्ट्रसंघको महासभामा भागलिन जानुअघि प्रधानमन्त्रि दाहालले आफ्नो पार्टीको एक कार्यक्रममा संयुक्त राष्ट्रसंघमा शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउन सहयोगको अपिल गर्ने बताउनु भएको थियो ।

नेपालको ०६३ को परिवर्तनपछि शुरू भएको शान्ति प्रक्रियामा राष्ट्रसंघको सहभागिता रहेको थियो भने त्यसपछि देशमा लागूगराइएको राजनीतिक ब्यवस्थामा पनि राष्ट्रसंघकै प्रभाव रहेको छ । संघीयता, जातीय समाबेशी र समानुपातिक सहितको मिश्रित निर्वाचन प्रणाली राष्ट्रसंघका घोषित नीति अन्तर्गतका कुराहरू हुन् । तर ०६३ पछि शुरू भएको नेपालको शान्ति प्रक्रिया र राजनीतिक ब्यवस्था दुबै असफल भएका छन् । यसबारे नेपालका प्रधानमन्त्रि दाहालले राष्ट्र संघको महासभा र त्यहाँ हुने साइडलाइन वार्ताहरूमा कसरी ब्रिफिङ गर्नुहुन्छ, त्यो धेरै महत्वपूर्ण पक्ष रहेको छ । नेपालको शान्ति प्रक्रिया र राजनीतिक ब्यवस्थालाई असफल गराउने नेपाली कांग्रेस र माओवादी केन्द्रनै हुन्भन्ने राजनीतिक क्षेत्रमा मूल्यांकन हुँदैआएको छ । प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसंघमा नेपालको शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउने विषयमा सहयोगको अपिल गर्ने जुन कुरा उठाउनु भएको छ, त्यसमा राष्ट्रसंघको ध्यान आकर्षण भएमा नेपालमा राष्ट्रसंघको हस्तक्षेप अझ बढेर जानसक्ने अवस्था छ । त्यो भनेको अमेरिकालगायतका पश्चिमा राष्ट्रहरूको हस्तक्षेप अझ थप बढ्नु हो । नेपालको शान्ति प्रक्रिया र राजनीतिक ब्यवस्थामा देखिएको संकटको समाधान नेपालकै दलहरूको सल्लाह र सहमतिमा गर्न/गराउन सकिने अवस्था छ । जसका लागि विदेशी गुहार्नुपर्ने कुनै कारण देखिएको छैन । यसअघि इटलीको रोममा भएको एक कार्यक्रममा पनि प्रम दाहालले राष्ट्रसंघका महासचिवलाई भेटेर कतिपय कुराहरू गरिसक्नु भएको थियो । त्यहाँ उपस्थित प्रतिनिधिहरूका बीचमा पनि साइडलाईन वार्ताहरू भएका थिए । तर त्यसको कुनै असर देखिएको छैन । दाहालले नेपालको शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्नका लागि अन्तर्राष्ट्रिय समुदायको सहयोग आवश्यकपर्ने बताउँदै आउनु भएको छ । ०६३ पछि शान्ति प्रक्रियाअन्तर्गत माओवादी लडाकुको समायोजन र हतियार व्यवस्थापन भइसके पनि संक्रमणकालीन न्यायसम्बन्धी बेपत्ता खोजबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (टीआरसी) मा दलहरूकाबीचमा सहमति हुनसकेको छैन । टीआरसीमा सरकारमा रहेका दलहरूनै सहमत हुनसकेका छैनन् ।

नेपालमा फेरी राजनीतिक संकट बढ्दैगएका कारण यो सरकारमात्र नभएर नेकां र माओवादी केन्द्रको गठबन्धनले नेपालमा राजनीतिक स्थायित्व कायम गराउने र नेपालको शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउने संभावना प्रायः क्षिण भएको छ । संक्रमणकालीन न्यायसम्बन्धी बेपत्ता नागरिक खोजबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (टीआरसी) विधेयक प्रतिनिधिसभाबाट पारित गराएर न्युयोर्क जाने प्रधानमन्त्री दाहालको योजनामा ठेस लागिसकेको छ । ०७२ को संविधान जारी हुनु अघिनै माओवादीका लडाकुहरूको समायोजन र हतियार व्यवस्थापन भइसके पनि सो संविधानका कारण नेपालमा सिर्जित राजनीतिक अस्तब्यस्तताले अन्य कुराहरू पूरा गर्न/गराउन ब्यवधान सिर्जना गरेको छ । संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन प्रणालीले बिद्यमान राजनीतिक ब्यवस्थालाईनै खाने अवस्था सिर्जना भएको छ । उक्त प्रावधानहरू नहटाएसम्म नेपालमा राजनीतिक स्थायित्व कायम हुन सक्दैनभने यहाँ राजनीतिक स्थायित्व कायम नभएसम्म शान्ति प्रक्रिया टुंगोमा पुग्न सक्दैन । टीआरसी विधेयक संसदमा टेबलसमेत नगरी प्रम दाहाल न्यूयोर्क प्रस्थान गर्नु उहाँको ठूलो असफलता हो । गत भदौ २९ गतेको प्रतिनिधि सभाको बैठकमा बोल्दै प्रधानमन्त्री दाहालले नेपालको शान्ति प्रक्रियाबारे अन्तर्राष्ट्रिय समुदायको सद्भाव लिने र राष्ट्रसंघको महाँसभालाई सम्बोधन गर्दा नेपालको शान्ति प्रक्रियाबारे जानकारी दिने बताउनु भएको थियो । तर बिगत १७ वर्षदेखि नेपालको सत्ता र शक्तिमा माओवादी केन्द्रका अध्यक्ष दाहाल र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पटक, पटक रहेपनि थप द्वन्द बढाउने बाहेक शान्ति र राजनीतिक स्थायित्वका लागि केही पनि हुनसकिरहेको छैन । माओवादी युद्धका पीडितहरूले न्याय पाएका छैनन् । द्वन्दकालीन मुद्धाहरूको छिनोफानोसमेत हुनसकेको छैन । प्रधानमन्त्रि दाहालकै बिरूद्ध कतिपय द्वन्दकालीन मुद्धाहरू अदालतमा पुगेका छन् । जसका बारेमा कारवाही किनारा लगाउन बर्तमान सरकारमा रहेकाहरू नै बाधक भएका छन् । त्यसैले आफ्नै देशमा सहमतिको वातावरण तयार नगरी विदेशी र संयुक्त राष्ट्रसंघलाई गुहारेरमात्र केही पनि हुनसक्ने देखिदैन । प्रधानमन्त्रि दाहालले शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउने नाममा थप विदेशी हस्तक्षेप निम्त्याएको खण्डमा त्यो नेपाल नेपालीका लागि अर्को दुर्भाग्यको बिषय हुने देखिएको छ ।









# सरकारले सर्वोत्कृष्ट कर्मचारी पाएन


बैकुण्ठ भण्डारी

bhandaribai@gmail.com---

सरकारले भ्रष्ट कर्मचारी पायो, सर्वोत्कृष्ट एकजना पनि पाएन ।

डाक्टर पाईलट व्याण्डको-

'छोरी माग्न जाँदा, विहे गर्छु भन्दा
ससुरा परे दोधारे, तिम्रो छ र के भर
खोजी आउँ पहिले सरकारी जागिर'

यो गीत धैरै वर्ष पहिले क्रान्ति आलेले गाएका थिए । छोरी माग्न जाँदा सरकारी जागिर नभै विहे नै नहुने देखेपछि गीत गाए । ससुरालाई गर्नु गाली गरे । कसरी खानु सरकारी जागिर । भनेजस्तो सजिलो कहाँ छ र ! विचरा सरकारी जागिर नभए विहे नै नहुने भो । गीत गाउने की सरकारी जागिर खाने ? पहिले जस्तो सहज कहाँ छ र सरकारी जागिर खान ?

कुनै बेला थियो । ठूला पदमा बस्नेका घराँ गयो पाथी पाथी घ्यूँ चढाए पछि जागिर मिलिहाल्थ्यो । अहिले.. गाह्रो छ ।

तीस चालीसको दशकतिर सरकारी जागिर खा ऽ खाऽ भन्दा पनि खाँदैनथे रे ! किनकी त्यसबेला जागिरलाई 'निकृष्ट' का रूपमा हेरिन्थ्यो । त्यसैले त होला बाउ बाजेले 'उत्तम खेती, मध्यम व्यापार, निकृष्ट नोकरी' भनेका थिए ।

नेपालीहरूको पेशा कृषि थियो, शानका साथ म किसान भन्थे । खेती गर्थे अनि आफ्नो उब्जनी विक्री गरेर नगद प्राप्त गर्थे । जव मुलुकमा पर ऽ जाऽ तन्त्र आयो । त्यसपछि यो उखान ठ्याक्कै उल्टो पो हुन पुग्यो । व्यापार मध्यमको मध्यम नै रह्यो । उत्तम खेतीको ठाउँमा सरकारी जागिर बन्यो । निकृष्ट नोकरीको ठाउँमा कृषिले कब्जा लियो । साठीको दशकसम्म आईपुग्दा पनि विदेश जानेहरूको कारण कृषि ओरालो लाग्न थाल्यो । राजनीतिले खेतीलाई सिध्यायो । जागिरेलाई बढायो । त्यसैले अहिले सरकारी जागिर नभै विहे नै नहुने जस्तो पो देखियो । कारण त जागिर नै पो उत्तम देखियो । सुन फलाउने खेती ।

सरकारी जागिर अर्थात निजामती सेवा । निजामती सेवा भनेको क्या हो फेरि यो । सरकारी जागिर मात्र भने त भईहाल्थ्यो । तर भएन । विशिष्ट सीप, ज्ञान र क्षमता भएका राज्य कोषबाट जीवनभरि नै तलव, भत्ता पेन्सन खान पाईरहने व्यक्ति पो हो त गाँठे ।

एक पटक लोसे निकाल्यो अनि ५८ वर्षसम्म राज्यकोषलाई चपायो । अहिले त त्यो पनि परिवर्तन भइसक्यो । समायोजन गरेर तीन तहको सरकार मध्ये ठ्याक्कै जनताको सेवा गर्ने स्थानीय तहको कर्मचारी चाहि त्यो भित्र पर्दैनन् अरे । क्या गज्जव भाको छ । सिंहदरबारभित्र बस्नेको हालिमुहाली भन्दा पनि फरक पर्दैन ।

निजामती सेवा अर्थात सरकारी जागिर अहिले त गज्जव कै छ नि ! सरकारले तलव दिन्छ, भत्ता दिन्छ, लुगा किन्न पैसा दिन्छ । गुड्नलाई गाडी घोडा दिन्छ । चाहे जति तेल दिन्छ । बुढीलाई व्यूटी पार्लर जान सरकारी गाडी, छोराछरीलाई स्कूल पुऱ्याउन सरकारी गाडी । शुक्रबार भयो 'रिफ्रेसमेण्ट' का लागि भन्या जस्तो रिसोर्टमा गोष्ठी । बाऽ बाऽ के के हो के के । अनि आफूलाई चोहेको जे जे हो त्यही त्यही माग फाराम भरेर पाइन्छ ।

त्यसमाथि जनताको कामका नाममा घुमाए, तर्साएर, तेर्स्याएर घुस पनि खान पाईन्छ । हुने कामलाई झुलाउन पाइन्छ । अनि झुलाएर भुलाएर फाइल लुकाएर कमिशन पनि पाइन्छ । हो, त्यही भए छोरी माग्न जाँदा सरकारी जागिर खा । अनि आ भनेको क्या ! कुरो बुझ्नु परो नि ।

एयरपोर्टतिर भन्सारा सुन घुसाउनेलाई भ्रष्टाचारमा कार्वाही गर्दा भन्सारका कर्मचारीहरूले काम नै नगर्ने धम्की दिन्छन् । अरू भए दिन पाउँथे । निजामती भएर पो पाको त ?

नपत्याए, केशव स्थापितले साटेको टंगालको रातो घरले च्याप्प च्याप्प फाईल समातेर भ्रष्टाचारी आरोप कसलाई लगायो ? त्यही मति विग्रेकोको निजामतीलाई होइन ? विचरा निजामती सेवा दिवस । ६८ हजार कर्मचारीमा सरकारले एक जना पनि सर्वोत्कृष्ट कर्मचारी पाउन सकेन । कठैवरा, देशको नीति नियम बनाउने सिंहदरबार हरेक दिन भ्रष्टाचारी पाउँछ तर सर्वोत्कृष्ट कर्मचारी पाउँदैन ।

ससुरा बाले त्यसै सरकारी जागिर खोजेका हुन् र ? विना लगानी फाइदै फाइदा । तीस वर्ष अघि भए त ससुरा बाले पनि सरकारी जागिर खाको भन्ने थाहा पाए त ढाडै भाँचिदिन्थे । बरू गाईपाल्ने, खेतीगर्नेलाई छोरी दिन्छु । यो जावो सरकारी जागिर खानेलाई ज्यान जाला छोरी दिन्न भन्थे । नपत्याए घरबालाई सोध्नुस् त ?

के भएको यो, अहिले त ओहोऽ ओहो ऽ कुरै नगरौं । रवाफ नै छुट्टै नि सेतो सर्ट र निलो पाइन्टको । त्यसमाथि पनि केन्द्रा बस्ने निजामती । त्यसै खोला किनाराँ होटल फस्टाको छ र ? नपत्याए उता मोरङ्ग र इलामकै काण्ड हेर्नुस् । चिची पनि पापा पनि । यो हो नि काइदा, निजामतीलाई फाइदै फाइदा ।

देश कंगाल वन्दै गईरहेको छ । निजामती कर्मचारी मालामाल । सर्वोत्कृष्ट पो पाउन मुश्किल त । भ्रष्ट त पाइलै पिच्छे पाईहालिन्छ नि । यता हेरे नि भ्रष्ट, उता हेर पनि भ्रष्ट । चुडामणि शर्माले लोसे तयारी पढाउने मुख्य प्रशिक्षक भाको देशमा कस्ता कर्मचारी निस्केलान् । 'जस्तो गुरू उस्तै चेला' निजामतीमा भ्रष्ट हुँदा जेल गए जाला । आफ्नै साथी भई छन् मौका मिल्नासाथ छुटाइजाला । प्रेम सञ्जेल जस्ता पनि छन् भन्ने कसले बुझ्ने ?

निजामतीले त्यसै सर्वोत्कृष्ट नपाको हो र ? काठ मेयरले भन्या जस्तै हो सबै चोरै चोर । आठदश प्रतिशतको कसले गर्ने खोज । भ्रष्ट नै भ्रष्ट निजामतीमा छन् है भन्ने जाहेर भईसक्यो । भ्रष्टाचारको जय ।

# नियात्रासङ्ग्रह 'बादलडाँडाको परिचर्चा'

*अरूणबहादुर खत्री-*

नियात्राकार राजेन्द्रमान डङ्गोलकृत तेस्रो नियात्रासङ्गह 'बादलडाँडा'को परिचर्चा कार्यक्रम राजधानीमा सम्पन्न भएको छ । कृतिमाथि मूर्धन्य साहित्यकार, समालोचक तथा पर्यटन व्यवसायीद्वारा घनिभुत विमर्श गरिएको थियो । कृतिका बारेमा आफ्नो धारणा व्यक्त गर्दै टानका अध्यक्ष नीलहरि बास्तोलाले पर्यटनलाई साहित्यसँग जोड्न सकेमात्र यो कृतिमाथि न्याय हुने बिचार व्यक्त गरेका थिए । वरिष्ठ साहित्यकार तथा अधिकारकर्मी अर्चना थापाले खाली आशा र सम्भावनाका कुरामात्र गरेर गन्तव्य चुम्न नसक्ने बताउँदै चुनौतीसँग जुध्ने मार्गचित्र जरूर भएको राय राखिन् । राजेन्द्रमानको कृतिको शक्ति भनेको रैथाने कथा, उपकथा र संस्कृति जस्ताको तस्तै ल्याउन सक्नु हो भन्ने दाबी गरिन् । गहकिला विविधता, मानवशास्त्रीय कोणबाट विषयवस्तुको प्रस्तुतीकरण, प्रचलित किंवदन्तीको समावेशले कृतिलाई पठनीय, ग्रहणीय, सम्प्रेषणीय र सङ्गहणीय बनाएको बताइन् । एउटा हेलीको दृष्टान्त राख्दै हेलिकोप्टरद्वारा पर्यावरण नजर गर्नु पर्यटनलाई नजरअन्दाज गर्नु हो, उनको मत थियो ।

वरिष्ठ पर्यटन व्यवसायी आङछिरिङ शेर्पाले पर्यटकले पूर्वाधारदेखि रहनसहन, कला-संस्कृति आदिका बारेमा समेत चासो राख्ने हुनाले पुस्तक मूलत: अधिकांश आन्तरिक पर्यटकलाई कामयावी हुनसक्ने आँकलन गरे । तिब्बती पर्यटनको तीव्र विकास आँकडाको फेहरिस्त प्रस्तुत गर्दै मनासलु क्षेत्रलाई अन्नपूर्ण क्षेत्रझैं खुला बनाउनुपर्ने आवश्यकतामाथि उनले प्रकाश पारे । टानका पूर्व अध्यक्ष तथा अर्का वरिष्ठ पर्यटन व्यवसायी दीपक महतले



यो नियात्रासङ्गह त्रिभुवन विश्वविद्यालयको ट्राभल एन्ड टुरिजमको पाठ्यक्रममा समावेश गर्न आग्रह गर्दै साहित्यमा यो कृति अमूल्य छ, पर्यटन क्षेत्रमा पनि कोसेढुङ्गो सावित बताए ।

पर्यटन व्यवसायी राजेन्द्र सापकोटाले हरेक पर्यटनकर्मीले यो पुस्तकलाई गीता मानेर प्रेमपूर्वक किन्ने र पढ्ने गरियो भने लेखकलाई थप लेखन गर्न, प्रकाशकलाई उत्साहपूर्वक प्रकाशन गर्न चासो बढ्ने भन्दै यस्ता सत्कार्यलाई सबैले सराहना गर्नुपर्ने खाँचो औंल्याए । उनले पर्यटनकर्मीसँगै साहित्यकारहरूलाई पनि विभिन्न सम्भाव्य बोकेका ठाउँमा पुर्याएर त्यहाँको वस्तुस्थिति उजागर गर्न आफू प्रतिबद्ध भएको अवगत गराए ।

अर्का पर्यटन व्यवसायी तथा भिटोफका पूर्व अध्यक्ष बोधराज भण्डारीले कृतिलाई अङ्ग्रेजी भाषामा अनुवाद गर्न उत्प्रेरित गरे । पर्यटन व्यवसायी र साहित्यकार सँगै यात्रा गर्ने परिस्थिति निर्माण गर्न आफू कटिबद्ध रहेको र सक्दो सहयोग गर्ने बताए ।

पर्यटन व्यवसायी अच्युत गुरागाईले सङ्गहलाई अङ्ग्रेजी भाषामा भाषान्तर गर्न सुझाए भने एनएमएका अध्यक्ष निमानुरू शेर्पाले आन्तरिक पर्यटन प्रवर्धनमा पुस्तकले राम्रो योगदान दिनसक्ने धारणा राखे । भुँडीपुराणका प्रबन्धक केशव पराजुलीले प्रकाशकका नाताले पर्यटन प्रवर्धन हुने कुनै पनि पुस्तक वा सामग्री छाप्न कन्जुस्याइँ नगर्ने वाचा गरे ।


यस्तै स्तम्भकार तथा युवा पत्रकार राजकुमार बानियाँले कृतिमा जीवन्त वर्णन पाइने भन्दै टिकट नै नकाटे, पैदल नै नहिँडी मज्जाले घुमेको अनुभूत गर्न सक्ने दाबी गरे ।

नियात्राकार राजेन्द्रमान डङ्गोलले व्यक्त विचारहरू आगामी सङ्गहमा समेट्ने वाचा गर्दै उपस्थित सबै अतिथिलाई आभार प्रकट गरे । त्यस्तै हानका वर्तमान अध्यक्ष विनायक शाहलाई कार्यक्रमको आयोजना गरिदिएकोमा विशेष धन्यवाद ज्ञापन गरे ।

कवि तथा रेडियोकर्मी लक्ष्मी रूम्बाले सहजीकरण गरेको सो कार्यक्रममा नियात्राकारको सक्षिप्त परिचय समीक्षक माधव घिमिरे 'अटल'ले दिएका थिए भने सञ्चारकर्मी जयराम बिडारी, कवि रूबी सत्याल, साहित्यकार डाङ्ग रजनी ढकाल, नियात्राकार प्रभा बराल, रामप्रसाद सापकोटा लगायतले कृतिबारे साङ्गोपाङ्ग चर्चा गरेका थिए ।

# डी.आर.को तिलस्मी

**- अरूणबहादुर खत्री "नदी"**




डी.आर. को तिलस्मी एउटा चमत्कारिक घटनाक्रम, कौतुहलता र रोमाञ्चकताले भरिएको छ । उपन्यासले साहस, आत्मविश्वास र ईच्छाशक्ति भएमा असम्भव भन्ने केही हुँदेन र दुर्लभ उपलब्धी पनि हासिल गर्न सकिन्छ भनेर सन्देश दिएको छ । यस उपन्यासभित्र हजुरबाले बिराजको नाक तान्दै माया गरेर भित्र पठाएका छन् । अरू दिन पनि त्यस्तै के के कुराहरू सोधेर उनलाई हैरान बनाउँथ्यो नाती बिराजले । तिलस्मी भित्रका मुख्य पात्रहरू बिराज र धनराज रहेका छन् भने उर्वशी, जुनीका लगायत सहायक पात्रहरू पनि छन् । एकदिन हजुरबुबाले खोक्दै भने अब हाम्रो वंश धान्ने यो नाती छ । सम्झदा पनि अचम्म पो लाग्छ । हाम्रो वंशानुक्रम हर्ने हो भने बढ्नुको सट्टा झन् घट्दै आएका छन् । बाजे बराजुबाट घट्दै आएर अहिले एउटा नाति छ भनेका छन् ।

उपन्यासभित्र धनराज कुनै दिन बाङ्गे बजारमा पनि बस्न थाल्छ । कहिलेकाहीँ सदरमुकामतिर पनि जाने गर्छ । गाउँमा बसेको बेला सबैको घर घरमा पुगेर व्यापार बढाउने गर्छ । लेनदेना मिलाउँदै हिँड्छ । सिमघरेको घर खरले छाएको लामो थियो । घरको एक पाखामा सानो ढोका बन्द थियो । त्यहाँ छोरा बुहारी बस्ने गर्थे । अहिले दुबैजना बिदेश गएकोले बन्द थियो । धनराजलाई भित्रबाट फेरि खोकी सरीको आवाजले बोलाएपछि भित्र पस्यो ऊ । चुलोको डिलमा ओछ्यान रहेछ भनेर डी.आर.ले लेखेका छन् ।

यस उपन्यासमा बिराज जिमहलतिर नगई क्लबका केटाहरूलाई भेट्न गयो । सम्मानित हुँदै थियो स्वतन्त्र बाल क्लब । बल्लतल्ल टेकेलाई भेट्यो र बर्मादिवलगायतका अरू साथीहरूलाई भेटाउने र भेला हुने काम भयो भनेर लेखिएको छ । फाइनल परीक्षा दिनुभन्दा अघिदेखि नै बिराजको आउँदो पढाई बारे परिवारमा चर्चा चलिरहन्थ्यो । कुनै बेला मम्मी डेडीका कुराहरू एकआपसमा मिल्दैनथे छोराको अध्ययनबारे भनेर लेखिएको छ ।

उपन्यासमा जातीय वर्गीय भेदभाव र छुवाछुतको पर्खाल भत्काउने विषयमा सकारात्मक तरिकाले लेखिएको छ । बाल मनोविज्ञानका संवेदनशील पाटाहरू अनि किशोरावस्थामा विकसित हुने मानसिक एवं शारीरिक परिवर्तन र स्वभाविक रूपमा उत्पन्न हुने यौनिक कौतुहलतालाई उपन्यासकारले सुक्ष्म तरिकाले केलाएका छन् ।

उनका उपन्यास सरल र श्लील भाषा शैलीमा प्रस्तुत भएको छ । उनले हाम्रो समाजमा भएका सामाजिक विकृति, विसंगति र रूढिवादी परम्परालाई बडो राम्रोसंग उन्ने काम गरेका छन् । उनले लेखेको उपन्यासले मानिस र समाजका विविध पक्षलाई उजागर गरेको छ । यो उपन्यास पढेपछि उपन्यासका पात्रहरू आँखा अगाडि हुँदै मनभित्र बस्छन् ।

उपन्यासकार डी.आर.मा घटना टिपेर अनुकूल परिवेशले सिगार्ने खुबी छ । यिनको कलम तिखो छ र समाजका विकृति विसङ्गति प्रति प्रहार गर्न सक्षम पनि छ । बधाई ।

# मुक्तकका प्रयासहरू : आखिर मन चैं कालो तपाईको छ



खुबै मन भर्ने अँगालो तपाईको छ
मैले बोली दिए पालो तपाईको छ
गति छाड़ा रे' तपाई चुप लाग्नोस्
आखिर मन चै, कालो तपाईको छ ।

**- आनन्द क्षेत्री, सिक्किम**



तिम्रो मुहार र पूर्णिमाको जून उस्तै उस्तै लाग्छ
तिम्रो मिठो बोली र सारङ्गीको धून उस्तै उस्तै लाग्छ
निश्वार्थ भावले कर्म गर्ने प्रेरणा दिइरहन्छौ प्रिये
तिम्रो र कृष्णप्रेम फरक जे हुन् उस्तै उस्तै लाग्छ ।

**- धर्मिला कार्की**



तिमीले लेखेको प्रेमपत्र मिडियामा राख्न ईच्छा लागेको छ
मैले लेखेको श्रृङ्गारिक पत्रपनि हावामा हुत्तिएर भागेको छ
शब्दको खेल र मेलको तरङ्गले हुण्डरी मचाएको छ सखी
शब्द नबुझ्ने मनुलाई अचम्मको कौतूहल जागेको छ ।

**- पुरूषोत्तम उपाध्याय, आसाम**



माया गर्छु भनूँ भने त्यस्तो केही भा'को छैन
जुनी-जुनी साथ दिने कसम पनि खा'को छैन
देख्नु छैन, भेट्नु छैन तर पनि याद आउने
कुरा खेल्छ मनभित्रै अझै मुखमा आ'को छैन ।

**- जमुना भट्टराई**



देवी देवतालाई उन नुन चढाउनु पर्दैन
निमुखा प्राणी मारेर खुन चढाउन पर्दैन
परोपकारी स्वभाव बनाई सेवा गरे पुग्छ
मन्दिरमा फुर्ति लगाई सुन चढाउन पर्दैन ।

**- मुक्तिनाथ शर्मा**



कपट बोल्नेले, मुक्ति पाउँदैन भजन गाएर हजुर
हुनुपर्छ मन निर्मल, हुँदैन मन्दिरमात्रै धाएर हजुर
मुखमा राम राम काममा बेकाम गराई हिड्नेको,
पखालिन्न पाप कदापि यमुना, गंगा नुहाएर हजुर ।

**- प्रियङ्का शर्मा, असम**



राधाकृष्ण साथमा प्रेम गीत अपार हुन्छ
राम सीतामा शङ्काको मीत अपार हुन्छ
न भगवान नत मान्छेलाई छोड्छ नियतिले,
पाए सस्तो नपाउँदाको धित अपार हुन्छ ।

**- विनिता आचार्य**



तिमीलाई मुटु देखि मन पराएको मान्छे म
एक्लो खुसी खोज्दा खोज्दै हराएको मान्छे म
आज आलो रगतले लेखी प्रेम प्रस्ताव राख्दैछु
छट्पटी र अन्योलतामा डराएको मान्छे म !

**- सुमन शर्मा**



व्यर्थ नपारी यो अमूल्य जीवन केही गर
जीबनको सुनौलो अध्याय तर्फ आफै सर
लाग्ला धेरै समय, दुख्ला मन धेरै चोटी
आत्म बिश्वासको नदी आफ्नो कर्मले भर ।

**- होमा खनाल, असम**



पढियो गुनियो दिमागै सुन्नियो रोजगार पाइएन
अचुक मेहनतले सपना बुनियो रोजगार पाइएन
देश बनाउन गएका नेताको भेष हराए पछि
आफ्नो दल अनि नेता चुनियो रोजगार पाइएन ।

**- सरोज गौतम, असम**



देखाई खास मित्रपन बसेको हुनसक्छ
गर्दै नगर्नु उपेक्षा झन् बसेको हुनसक्छ
हरेक सँग घुलमिल हुने अघि चेत राख्नु
आफ्नै भेषमा दुस्मन बसेको हुनसक्छ ।

**- सुरज खनाल**



अत्याचारको परकाष्ठा रोकिएको छैन
कानूनमा लेखियो व्यावहारमा तोकिएको छैन
दिनहु नाबालिकाका शरीर काटकुट पारेका छन्
यौनप्यास मेटाउनेलाई कोर्रा ठोकिएको छैन ।

**- देवी काफ्ले**



आफ्नो दुःख लुकाएर बस्छन् परदेशमा रहनेहरू
सधैंभरि शिर झुकाएर बस्छन् परदेशमा रहनेहरू
जन्मभूमि र आफन्तको यादमा दिनरात तड्पिएर
पिडाका आँशु सुकाएर बस्छन् परदेशमा रहनेहरू ।

**- पद्मावती देवी ढुंगाना, असम**



आफ्नो अर्जित ज्ञान बुद्धि अरूको बिचमा छर्दै जानुपर्छ
अरूलाई खुसी दिने प्रयासमा मनको ब्यथा हर्दै जानुपर्छ
प्राप्ति र अप्राप्तिको मूल्य समयले नै लिने दिने गर्दछ,
त्यसैले मनमा खोट नराखी सामाजिक काम गर्दै जानुपर्छ

**- जसोदा देवी, असम**




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : रोशन कार्की
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४

E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# भ्रष्टाचारले अवस्था खायो अब व्यवस्था खान्छ

भ्रष्टाचार भनेको फलाममा लाग्ने खियाजस्तै हो । खियाले फलामको अवस्थालाई यसरी खाइदिन्छ कि धुलो बनाउँदै लान्छ । अन्ततः फलामको अस्तित्व नै मटियामेट पारिदिन्छ । यो प्राकृतिक र बैज्ञानिक यथार्थ पनि हो । यो यथार्थ मान्छेको जीवन र राष्ट्रको जीवनमा पनि लागू हुन्छ ।

मान्छेको जीवनमा अनैतिकता फलाममा लाग्ने खिया सरह हो । अनैतिकता बढ्दै गएपछि मान्छे पशु हुन्छ र पशु भएर सकिन्छ । मान्छेले आफ्नो अस्तित्वलाई खुब चम्काए भन्ठान्दा भन्ठान्दै मान्छेको अस्तित्वहीन बन्छ । राष्ट्रको जीवनमा बिधिले बाँध्न नसकेको भ्रष्टाचारले राष्ट्रलाई मैनबत्ती पगालेसरह पगाल्दै पगाल्दै अस्तित्वहीन बनाइदिन्छ । ०४६ सालपछिको बहुदल र ०६३ सालको परिवर्तनपछिको लोकतन्त्र दुबै व्यवस्थामा भ्रष्टाचार पन्पियो । यतिबेला राष्ट्रको जीवनमा भ्रष्टाचार यसरी फैलिएको छ कि यो भ्रष्टाचारले बिधि र सुशासनलाई खाइसक्यो । बिधिको पालना गराउने अदालत र गर्ने कार्यपालिका, व्यवस्थापिका दुबैतिर भ्रष्टाचारै भ्रष्टाचार गनाइरहेको छ । यहाँसम्म कि देशमा ७ सय ६१ सरकार छन्, एउटा सिंहदरवारको भ्रष्टाचार यी सबै दरवारहरूमा महामारी बनेर फैलिएको छ । देश विकास र जनताको अवस्था फर्ने विषयमा कसैलाई चासो र चिन्ता छैन । सबैको नजर सत्ता, शक्ति र सम्पत्तिमा देखिन्छ । जसरी पनि कमाउनुपर्छ भन्ने मान्यताले गर्दा भ्रष्टाचार देशव्यापी बन्न पुगेको हो । अर्थात् भ्रष्टाचारले अवस्था खायो, दुरावस्था ल्यायो, दुरावस्थामा लोकतन्त्र फलेको फुलेको कुप्रचार भइरहेको छ ।

यसकारण लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा जनताको आस्था र विश्वास घट्दै गएको छ । कसैले नेताको गर्धनमा खुकुरी हान्यो भने सामाजिक सञ्जालमा आमनागरिकले क्यावात् भनेर प्रशंसा गर्न थालेका छन् भने कुनै जनप्रतिनिधिले सिंहदरवारमा आगो लगाइदिन्छु भन्यो भने त्यो साहसी रहेछ भनेर प्रशंसाको बाढी नै देखिन थालेको छ । यथार्थमा आतंक आतंक हो, खुकुरी र आगो दुबै हिंसाका प्रतिक हुन् । तर भ्रष्टाचार यसरी बढेको छ कि, कुशासन यसरी फैलिएको छ कि युवा विदेशीने, जो देशमा छन् उनीहरू निराश छन् । यसकारण जनताको आक्रोशको प्रतिनिधि पात्र बनेका छन् यस्ता क्रियाकलाप । यति हुँदा पनि स्थापित ठूला दल बुझ्दैनन्, आफ्नो बिगतलाई विश्लेषण गर्दैनन्, कतै हामीले गलत त गरिरहेका छैनौं भनेर मिमांसा गर्न चाहदैनन् । जब जनता निराश हुन्छन्, तब बिद्रोह गर्छन् । नेपाली बिद्रोह गर्न सक्दैनन्, कसैले बिद्रोही स्वभाव देखायो भने समर्थन गर्छन् । खुकुरी काण्ड र आगो झोस्ने प्रकरणमा सामाजिक सञ्जालमा लाखौं लाखको समर्थन जनआक्रोशको झिल्का हो । यो झिल्कालाई समयमै नेतृत्वले बुझेनन् र आफूलाई भ्रष्टाचारी कलंकबाट धोइ पखाली गर्ने प्रयत्न गरेनन् भने आगामी दिनमा यो अवस्था र व्यवस्था दुबै बालुवाको महल ढले जसरी ढल्नेछ । किनकि फलाममा खिया लाग्यो भने फलाम धुलो हुन्छ, शासन व्यवस्थामा भ्रष्टाचार फैलियो भने मटियामेट हुन्छ । सत्य यही हो ।

थप सत्य के पनि हो भने भ्रष्टाचारी अवस्थाले व्यवस्था खायो भने, व्यवस्थापछि भ्रष्टाचारले खाने भ्रष्टाचारका पालक र धारकहरूलाई हो । अब अति भइसक्यो, विधिको शासनलाई सेटिङमा चलाउने काम नगरौं । लोकतन्त्रलाई नीति, नैतिकता र सिद्धान्तले चलाऔं । लोकतान्त्रिक व्यवस्थालाई समाज बदल्ने औजारका रूपमा उपयोग गरौं । यसैमा देश र जनताको फाइदा छ, राजनीति गर्नेको लागि यही नै राजमार्ग हो । यो राजमार्गलाई गलत रूपमा व्याख्या गरेर स्वार्थ सिद्धि गर्ने ब्यापार जो भइरहेको छ, यो गलत प्रवृत्तिलाई रोक्नुमा नै अवस्था, व्यवस्था र देशका लागि उचित हुनेछ ।

# हाइटीका दुभालिएर र नेपालका नेतृत्ववर्ग




१९७१ देखि ८६ सम्म १६ वर्षका हाइटीका दुभालिएर र २०६३ देखि ८० सम्म १७ वर्षका नेपालका नेतृत्व बर्गको तुलना गर्ने हो भने कति फरक होला ?

हाइटीमा जुन प्रलयकारी भ्रष्टाचार र नैतिकहीनता देखियो, त्योभन्दा बढी भ्रष्टाचार र नीतिहीनता नेपालमा जारी छ । दुभालिएर अन्ततोगत्वा दण्डित भए, असक्षम नेपाली नेतृत्व दण्डित होला ?

परिवर्तनको १७ वर्षमा भ्रष्टाचारका अनेकन डरलाग्दा काण्डहरू घटे । यी काण्डहरूमा माओवादी, कांग्रेस, एमालेका नेताहरू नराम्ररी पछारिए । अर्को जनयुद्ध गर्छु भन्ने विप्लव प्रचण्डसँग समाजवादी मोर्चाका नाममा मिल्न पुगेका छन् । बैद्यको समूह चुपचाप भयो । बाबुरामको राजनीतिक थर ठेगाना बदलिने क्रम रोकिएको छैन । शेरबहादुर जनवादी लौरो टेकेर प्रजातान्त्रिक सिंहदरवारको आँगनमा द्यौसी खेलिरहेका छन् । बहुदलीय जनवाद धनवादी भएको छ । चित्रबहादुर अमूर्त चित्र बने, मधेशवादी क्षेत्रीयतामै रमाइरहेका छन् । भुरे टाकुरेमा अर्को परिवर्तन गर्ने शक्ति छैन ।

राजनीति समाज बदल्ने होइन, आफू-आफन्त र अपराधी बदल्ने साधन बन्यो । यो बिकृतिको अन्त भएन भने छिटै अर्को बिद्रोह हुने पक्का छ ।

हाम्रा जनवादी, सर्वहारावादी, समाजवादी नेताहरूले इतिहासमा बदनाम पात्र दुभालिएरको झल्को दिन थालेका छन् । जुन दुर्भाग्यपूर्ण दृष्टान्त हो । बुलेट क्रान्ति भ्रष्टाचार डकारेर ब्यालेट क्रान्तिमा प्रवेश गरेको लामो समय भइसक्यो । बुलेटको धङ्धङ्गी स्वर सुनिन छाडेको छैन । सत्तामा बसेर लाखौं जनता सडकमा उतारेर प्रतिगामीलाई तह लगाउने तहका भाषणबाजी भइरहेका छन् । भित्र भित्र भ्रष्टाचार, बाहिर बाहिर तीव्र बेगका चर्का भाषण नेपाली राजनीतिको विशेषता बनेको छ ।

नागरिकलाई थाहा छ, नेतृत्व असक्षम छ । नेतृत्व देश र जनताका लागि घातक छन् । बिकल्प छैन, गरीब छन् । चुनावका बेलामा पैसा लिन्छन्, मासुभात खान्छन् र तिनैलाई मत दिन्छन् । चुनाव सकिएपछि बिजयी नेता सिंहदरवारबाट भ्रष्टाचार गर्छन्, मत दिने जनता पुर्पुरोमा हात राखेर पश्चाताप गर्छन । २०६३ सालको परिवर्तनपछिको यथार्थ चित्र यही हो । ०७९ सालको चुनावमा पनि जनताले यही गल्ती गरे । जो ०४६ सालपछिका नेता थिए, अधिकांश तिनै नेता आज पनि संसद, सिंहदरवार र शितल निवासमा रजगज गरिरहेका छन् । सबैलाई स्पष्ट भइसक्यो, जनयुद्ध, जनआन्दोलन सुन्दर भविष्यको सपना थियो, नेतातन्त्र पो देखियो । नेताको निरङ्कूशता भोगियो । समाजवाद, जनवाद, समानता भनेको त भ्रममात्र रहेछ । राजनीति व्यवसाय बन्यो र बढी भन्दा बढी अपराध गर्नेहरू काँचुली फेरिरहेका छन् ।

अध्यता, विज्ञहरूले प्रष्टै देखेका छन्- चुनावका माध्यम अपनाएका अनैतिकहरू 'हाइटीका बेबी डक'को अवतार बनिसकेका छन् । नेशनल युनिटी पार्टी, हाइटीको 'बेबी डक' जीन क्लाउड दुभालियर जसले १९७१ देखि १९८६ सम्म १५ वर्ष हाइटी र जनतालाई लुट्नुसम्म लुटे । अन्ततः जनताको बिद्रोहबाट तर्सेर उनी देश छाडेर भागे । फ्रान्समा समेत उनीमाथि मानवाधिकार उल्लंघन गरेको आरोप लागेपछि उनी हाइटी आउन बाध्य भए । हाइटीका अधिकारीहरूले उनीमाथि मुद्दा चलाए । भ्रष्टाचारको मुद्दा लाग्यो, जेल चलान गरियो । उनी सन २०१४ मा जेलमै मरे । आज पनि हाइटी र विश्वजगतमा दुभालिएरलाई साह्रै बदनाम नेताका रूपमा घृणा गरिन्छ ।

लोकतन्त्रका नायकहरू जो प्रजातन्त्र र जनयुद्धबाट खारिएर आएका थिए, तिनीहरूमा एकजना पनि नेता छैनन्, जसको आवाज सिङ्गो राष्ट्रले सुनोस् । जो छन्, कार्यकर्ताका छन्, गुटका छन्, आफन्त छन्, विदेशीका छन्, देशका नेता छैनन् । राजनेता नभएको मुलुक भनेको टुहुरो हो । नेपालले टुहुरो राष्ट्रको नियति भोगिरहेको छ ।

देश खोजेर पाइन्न, देश रोजेर पाइन्न । देश भाग्यले पाइन्छ । नपत्याए शरणार्थीलाई सोध । युएनएचसीआरको रेकर्ड भन्छ- भुटानी, रोहिंग्याजस्ता जबरजस्ती बिस्थापितको संख्या ८९.३ मिलियन छ भने शरणार्थीको संख्या २७.१ मिलियन छ । यसमा रूस र युक्रेनको युद्ध र सन २०२१ मध्यपछिका शरणार्थीको संख्या समावेश छैन ।

आफ्नो माटोमा उभिनुको गौरव नै अर्कै हुन्छ । त्यो गौरवबारे प्यालेस्टाइन पढ, आफ्नो देशको महत्व कति हुन्छ । १५ नोभेम्बर १९८८ मा अल्जियर्समा पीएलओका तत्कालीन अध्यक्ष यासेर अराफातले प्यालेस्टाइन राज्यको स्थापनाको घोषणा गरेका थिए । १९९३ मा ओस्लो सम्झौतामा हस्ताक्षर भएको एकवर्षपछि पश्चिमी किनार र गाजापट्टी समावेश गरेर शासन गर्न गठन गरिएको थियो । पालेस्टाइन आज पनि इजरायलबाट प्रताडित भइरहन्छ । प्यालेस्टाइन, एक डि-जुर सार्वभौम देश, इजरायलसँग सार्वभौमसत्ता विवादमा छ । १९४७ मा राष्ट्रसंघमा मतदान भयो, १९४८ मा युद्ध छेडियो र प्यालेस्टाइन स्वतन्त्रता घोषणा गरियो । तर आज पनि आफ्नो देशका लागि इजरायल र प्यालेस्टाइन युद्ध-तनावमा छन् । २०११ मा राष्ट्रसंघको सदस्यताका लागि निवेदन दिएको प्यालेस्टाइनले भर्खर पर्यवेक्षकसम्मको मान्यता पाएको छ । विश्वशक्ति अमेरिका, इजरायल, युरोपेली देश स्वायत्त भूराजनीतिक संस्थामात्र मान्छन् । प्यालेस्टाइन विश्व समाजमा छुट्टै निकाय हो, जसको पीडा धेरै गह्रुङ्गो छ ।

नेपाल सभ्यताको विकास भएदेखि स्वतन्त्र देश । अमेरिकाभन्दा ८ वर्षले जेठो मुलुक । यो मुलुकमा लोकतन्त्र छ, लोकतन्त्र नै देश सिध्याउने पद्धति हुनपुगेको छ । कारण, लोकतन्त्रका जो जो नेतृत्वमा छन्,तिनीहरूलाई देशप्रति गर्व छैन । नेपाल निर्मातालाई अपमान गर्छन् । माटोप्रति गर्व गर्दैनन् । राष्ट्रको माटोलाई धुलो सम्झन्छन्, राष्ट्रिय झण्डालाई एक धरो थात्रो कपडा सम्झन्छन् । २ सय वर्ष अंग्रेजको गुलाम बनेर १९४७ मा स्वतन्त्र भएको भारतलाई थाहा छ, स्वाधीनता र सार्वभौमिकताको महत्व । त्यही भारत नेपाललाई आफ्नो सुरक्षा छातामुनी राख्न चाहन्छ । विश्वशक्ति मुलुक नेपाललाई भूराजनीतिमा सामेल गराउन अग्रसर छन् । नेपालको अस्तित्वमा धावा बोल्नेहरूको लोलीमा बोली मिसाउन अग्रसर भएको वर्तमान नेतृत्व बर्ग शरणार्थीको, सिक्किमी, भुटानी, फिजीको हालतमा पुऱ्याउने लाउनेकाठ बन्न थालेका छन् ।

बडामहाराजाधिराज, वीर, बिराङ्गानाले ज्यानको बाजी लगाएर निर्माण गरेको नेपाल राष्ट्र केही पार्टी र नेताले बलीबेदीमा उभ्याइदिए । योभन्दा ठूलो राष्ट्रघात के हुन्छ ?

गणतन्त्रमा गणमा देखिन्न, लोकतन्त्रमा लोकहित हुँदैन । संविधान छ, शासन बिधिमा चल्दैन । राजनीति व्यवसाय बनेको छ । न्यायालयदेखि सम्पूर्ण राज्य सञ्जालमा राजनीतिक भागबण्डा हुन्छ । बाघको छालामा स्यालको रजाइँ भनेको यही हो ।

देशको भूमिकाका लागि, सार्वभौमिक अधिकारका लागि दिल्ली सम्झौताको विरूद्ध ००७ सालमा डा. के. आई. सिंहले बिद्रोह गरेका हुन् । मातृकाप्रसाद कोइरालाका अनुसार नेपालको अनुमति नै नलिई दुईपल्ट भारतीय सेना नेपालमा पस्यो । भीमदत्तको हत्या भारतीय सेनाले गरेको हो । तिनै मातृकाले केही गर्न सकेनन् । भीमदत्तलाई नेपाली राष्ट्रवादको प्रतीक भएर उठ्नै दिएन । भीमदत्तपछि महेन्द्रले राष्ट्रवादी युद्ध लडे, बिगत ५१ वर्षमा महेन्द्रजस्तो अर्को नेता जन्मिन सकेन । नेपाली राजनीति भनेको विदेशीले उभ्याइदिएको बुख्याँचा मात्र बन्यो ।

नालापानीको युध्द लड्दा युध्द मैदानबाट गुन्जिएको थियो : 'यो नेपाली शिर उचाली...' भन्ने युद्धगीत । यो गीत लोकतन्त्रले प्रतिगामी सूचीमा राखेको छ, रेडियोमा बज्दैन । भारतको दास बनिसकेको नेपाली राजनीतिको मूलनीति भनेको युवा निकासी, गोर्खा भर्तिकेन्द्र, डाक्टर-नर्स-केयर गिभरदेखि मजदूर भर्ति हुने, युवा युवती बेच्ने र भारतलगायतका शक्तिराष्ट्रको पाउमा लम्पसार पर्ने, सत्ताधारी बन्ने, शक्तिशाली हुने मात्र हो । यही हो हाम्रा नेताहरूको राष्ट्रियता । सवल नेपाल नीति र विश्वसनीयतामा कमजोर बन्दै गएको छ । राजनीतिक मैदानमा नेपाल मेरो देश हो, मेरो देशको सीमा यति हो भन्न सक्ने कुनै नेता नै छैनन् । सेवा, त्याग, तपस्या, बलिदान यिनलाई थाहै छैन । यिनका लागि देशभन्दा माथि सत्तास्वार्थ छ ।

राष्ट्रका लागि स्वाभिमानमा उभिन सक्ने र विदेशीले किन्न नसक्ने चारजना नेता पाउन गाह्रो भयो । नेता स्वाभिमानी नभएपछि राष्ट्र पराधीन हुनेरहेछ । बिस्तारवाद र साम्राज्यवाद सबैभन्दा बढी बिरोध हुने र तिनकै दास बन्ने देश विश्वमै नेपाल होला । तिनै शक्तिको पोखरीमा बिहानीको मुख धुने र रातिको मुख चुठ्ने नेता भएको देश पनि नेपाल पहिलो हो । बुद्धिजीवी, नागरिक समाजसमेत विवेक मारेर उही ड्याङ्का मूला बनेका छन् । नेतृत्वभित्र, सचेत समाजभित्र स्वाभिमान मरेपछि राष्ट्रको स्वाधीनता यसैगरी क्रमसः मर्दै जाने रहेछ । लोकतन्त्र आएको १७ वर्षपछि जे देखिन्छ, विदेशमात्र देखिन्छ । नेपाली पन, पहिचान हराउँदै गएको छ ।

नेतृत्वले लोकतन्त्रलाई एडीस जातको लामखुट्टे बनाए । यो लामखुट्टेले टोकेपछि गिदी बिगार्छ । लोकतन्त्रमा जति नेता छन्, तिनको टाउको, गिदी पनि सानो छ । यसकारण स्वार्थको नर्क स्नानलाई लोकतन्त्र भनेर विवेकहीनहरू भ्रम फैलाइरहेका छन् । हामी नागरिकहरू यस्तै बिचारहीनहरूको शासनको बेहाल र दुर्गति भोगिरहेका छौं । बाँच्नलाई बिद्रोह गर्नुपर्छ, बिद्रोह गर्न नसके यसैगरी पल पल मर्ने न हो । भोगौं हाइटीको दुभालिएर प्रवृत्तिलाई जति भोग्नु छ, भोगौं । राजनेता हुन ढाडमा हाड चाहिन्छ, राजनीति र कूटनीतिमा दक्षता चाहिन्छ । त्यस्तो दक्ष नेता भएनन् ।



# साल्ट ट्रेडिङ कर्पोरेशनको ६१औं स्थापना दिवस




साल्ट ट्रेडिङ् कर्पोरेशन लिमिटेडले भदौ २७ गते केन्द्रिय कार्यालय कालिमाटीमा एक भव्य समारोहको आयोजना गरेर ६१औं स्थापना दिवस मनाएको छ। कर्पोरेशनका संचालक समिति अध्यक्ष प्रदिप लाल श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रमको समुदघाटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले गर्नुभएको थियो।

कार्यक्रममा सरकारका पदाधिकारी तथा निम्तालु बर्गलाई कर्पोरेशनकी प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले स्वागत गर्दै उपभोक्ताको विश्वासले साल्ट ट्रेडिङ कर्पोरेशन अनेक आरोह अवरोह पार गर्दै ६१औं स्थापना दिवस मनाउन सफल भएकोमा उपस्थित सबैमा धन्यवाद व्यक्त गर्नुहुँदै आगामी दिनमा सामाजिक उत्तरदायित्व अझ सबल तरिकाले निर्वाह गर्ने प्रतिवद्धतासहित आम उपभोक्ताहरूको हितलाई केन्द्रमा राख्दै व्यवसायिक क्रियाकलाप गर्दै जाने बताउनुभयो।

संस्थाको स्थापना बारे बोल्दै प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले आम जनता तथा समस्त उपभोक्ताको लागि दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने लक्ष्य लिई आफनो सेवा सेवा प्रारम्भ गरेको ६० बर्ष पुरा गरेको बताउनुहुँदै भन्नुभयो- 'कर्पोरेशनले आफनो प्रतिबद्धता अनुसार आम जनतालाई सुपथ एवम् सहज रूपमा गुणस्तरिय उपभोग्य वस्तुहरूको उपलब्धतालाई निरन्तरता प्रदान गरिने छ। कर्पोरेशनले आपुर्ति र वितरणको क्षेत्रमा उल्लेखनिय भूमिका निर्वाह गर्दै बिषम परिस्थितीका बाबजुद पनि आम उपभोक्ताको सेवामा सदैव सकृय रहि आएको छ भने भविष्यमा पनि अझ सकृय रहने प्रतिबद्धता व्यक्त गर्दछु।'

उहाँले कर्पोरेशनले आयोडिनयुक्त नुन र अन्य दैनिक उपभोग्य एवम अत्यावश्यकीय वस्तुहरूको बिक्री वितरण, अनुदानित र गैर अनुदानित मलको आपूर्ति गर्दै आईरहेको बताउनु हुँदै निकट भविष्यमा आफनै कारखानाबाट तोरीको तेल उत्पादन गर्न गईरहेको थप जानकारी समेत दिनुभयो।

कार्यक्रमका प्रमुख अतिथि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले 'प्राकृतिक विपद्का अवस्थामा समेत उपभोक्ताको घरदैलोमा उपभोग्य वस्तु उपलब्ध गराउन कर्पोरेशनले खेलेको भूमिका उल्लेखनीय छ भन्दै नेपाल सरकार आम जनताले स्वाभाविक मूल्यमा दैनिक उपभोग्य वस्तु प्राप्त गरून् भन्ने चाहन्छ भन्नुभयो। मन्त्री रिजालले लोककल्याणकारी कार्यमा अग्रसर रहदै कर्पोरेशनले उद्योग व्यापार मार्फत देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएकोमा खुशी पनि व्यक्त गर्नुभयो। कार्यक्रममा उद्योग वाणिज्य तथा आपुर्ति सचिव मुकुन्द निरौलाले ६ दशक अघि नुनको कारोबारबाट व्यवसाय शुरू गरि हाल सेवा विविधिकरण गर्दै सरकारको सहयात्रीको रूपमा काम गर्दै आएको बताउनुभयो। कृषि सचिव डा. गोविन्द शर्माले कर्पोरेशनले समयमै रासायनिक मल आपूर्ति तथा वितरण गर्नुका साथै उत्पादकत्व बृद्धिमा समेत योगदान पुऱ्याएकोमा प्रशंसा गर्नुभयो। संस्थाका कर्मचारी संगठनका अध्यक्ष मेघराज ज्ञवालीले साल्ट ट्रेडिङ् कर्पोरेशन लिमिटेड कर्मचारीहरूले मेहनत र कर्तव्यबोधका साथ काम गर्दै आएको बताउनुभयो।

कार्यक्रमका सभापति तथा कर्पोरेशनका संचालक समिति अध्यक्ष प्रदिपलाल श्रेष्ठले साल्ट ट्रेडिङले बजार प्रणालीलाई चुस्त राख्न सरकारलाई पूर्ण रूपले सघाउँदै आएको र सरकारको निर्देशनको पूर्ण पालना गर्दै सामाजिक उत्तरदायित्वको निर्वहनका साथै दैनिक उपभोग्य बस्तुको अभाव हुन नदिन प्रयास गर्दै राष्ट्रहितका निम्ति थप दायित्व उठाएर अघि बढने बताउनु भयो। उहाँले रासायनिक मल, एलपी ग्यास, हाउजिङ, वित्त, कृषि, लगायतका विविध क्षेत्रमा लगानी बिस्तार गरि सेवा विविधिकरण गर्दै अघि बढ्दै जाने पनि बताउनु भयो।

कार्यक्रमको मुख्य आकर्षण थियो- बालबालिकाहरूको संरक्षणमा सक्रिय संस्थाहरूलाई बालहितकारी पुरस्कार, उत्कृष्ठ कर्मचारीलाई प्रशंसापत्र र एसईई परीक्षामा उत्कृष्ठ अंक ल्याउने कर्मचारीका छोराछोरीहरूलाई छात्रवृत्ति प्रदान।

# राधा-कृष्ण फोटो प्रतियोगिता

धरान। रस रंग अनि उमंगले भरिएका हाम्रा हिन्दूहरूका चाडपर्वहरूमाएक विशेष महान पर्व हो कृष्ण अष्टमी। भगवान श्रीकृष्णको जन्मदिनको खुशियालीमा हिन्दू धर्मावलम्बीहरूले आआफ्ना घर अनि मन्दिरहरूमा विशेष पूजा अर्चना अनि ब्रत नाचगान, भजन गरी हर्षोल्लासका साथ मनाउने गर्दछन्। महिला दिदी बहिनीहरूले आआफ्ना साना नानीबाबूलाई राधा-कृष्णको रूपमा सजाउँछन्। पश्चिमी संस्कृतिबाट प्रभावित आजका थुप्रै नवयुवा पिढी अनि बालबालिका माझ भने यस



पर्वको वास्तविक मूल्य चाँही हराउँदै गएको भान हुन्छ।

यसै कुरालाई मध्यनजर गरी नेपाल अग्रवाल महिला मंच, धरानले आफ्नो धर्म, संस्कृतिलाई संरक्षण, संवर्द्धन अनि प्रचार प्रसार गर्ने उद्देश्यले श्रीकृष्ण अष्टमीको अवसर पारी राष्ट्रिय स्तरको 'राधा-कृष्ण फेसबुक फोटो प्रतियोगिता' गराएको छ। यस प्रतियोगितामा देशै भरीका ९२ बालबालिकाहरूले भाग लिए। मंचको फेसबुक पेजमा राखेको प्रतियोगी राधाकृष्णको फोटो माथी निर्धारित समय सीमाभित्र आएको सर्वाधिक लाइकको आधारमा भाद्र २८ गतेको परिणाममा तीन जनालाई विजेता घोषित गरिएको छ। विजेता हुनेहरूमा, धरानकी सान्वी अग्रवाल सुपुत्री-एकता एवं पंकज अग्रवाल, बिर्तामोडकी जिविका अग्रवाल सुपुत्री शुशिला एवं बिकाश अग्रवाल, काठमांडौकी तक्शवि अग्रवाल, सुपुत्री नैन्सी एवं मनिष अग्रवाल रहेकी छिन्। एक जना बालक कृषिव अग्रवाल, सुपुत्र पूनम एवं अनुप अग्रवाल, धरानलाई लाइकको आधारमा नभै उत्कृष्टताको आधारमा आयोजक टीमको निर्णय अनुसार विशिष्ट पुरस्कार घोषण गरिएको छ।

*- इन्दु तोदी, धरान*

# खुला सीमा व्यवस्थित गर : सर्वोच्च

खुला सीमा व्यवस्थित गर भन्दै सर्वोच्च अदालतले सरकारका नाममा परमादेश जारी गरेको छ। परमादेशमा भनिएको छ- परमादेश जारी गर्दै फैसलामा भनिएको छ, 'खुला सीमाको प्रभावकारी व्यवस्थापनका लागि प्रयोग गर्न सकिने आवश्यक ड्रोन, सीसीटीभी जस्ता प्रविधिको प्रयोग गरी सुरक्षा निकायले गर्ने निगरानीका लागि सुरक्षा व्यवस्था चुस्त दुरूस्त बनाइ नेपाल भारत सीमा वारपार गर्नका लागि निश्चित स्थलमार्गहरूको निर्क्यौल गरी उक्त स्थलमार्गहरूबाट आवतजावत गर्ने यात्रुहरूमा भाषाको समस्या नहोस् भन्नका लागि सीमा नाकामा रहेका अध्यागमन कार्यालय तथा सुरक्षा निकायमा कार्यरत





जनशक्तिहरूलाई भरसक भाषागत तालिम प्रदान गरी नेपाल प्रवेश गर्ने यात्रुहरूले अध्यागमन कार्यालय वा सुरक्षा निकायमा आधिकारिक परिचयपत्र देखाइ त्यसको अभिलेखसमेत राखी सीमा क्षेत्रमा हुने आवतजावतलाई नियमन र व्यवस्थित गर्नू गराउनू।' सीमा व्यवस्थित गर्ने सरकारको पहिलो कर्तव्य हो तर अदालतले परमादेश जारी गर्नुपर्ने अवस्था किन आयो ?

संविधानविद् डा. चन्द्रकान्त ज्ञवाली, सीमा विज्ञ बुद्धिनारायण श्रेष्ठ, अधिवक्ताहरू विमल ज्ञवाली, लिलाधर उपाध्याय, शशीकुमार कार्कीले सीमा समस्या समाधान तथा व्यवस्थापनमा आवश्यक आदेश माग गर्दै २०७३ मा रिट निवेदन दर्ता गराएका थिए। यति लामो समयपछि आदेश आएको छ। ढिला आयो तर सरकारको नाकमा नत्थी लाग्नेगरी आदेश आयो, अब सरकारले सीमा व्यवस्थापनमा के कस्तो काम गर्ला, त्यो सबैका लागि उत्सुकताको विषय बनेको छ।

नेपाल भारतवीच १८८० किलोमिटर खुला सीमा छ। खुला सीमाकै कारण भारतले सीमा अतिक्रमण बढाउन पाएको हो, आपराधिक क्रियाकलाप बढेको हो। जनताको जीउधनको रक्षा, खुला सीमाको दुरूपयोग रोक्नका लागि समेत सीमा व्यवस्थित हुनैपर्छ। विश्वमै नेपाल भारतवीचको यो खुला सीमा पहिलो र अनियन्त्रित पनि हो।

अदालतले सीमा विवाद नहुने गरी, नेपालको सार्वभौमिकताको रक्षा हुनेगरी सीमा व्यवस्थित गर्न यो फैसला २०७८ वैशाख १२ गते न्यायाधीशद्वय प्रकाशमान सिंह राउत र पुरूषोत्तम भण्डारीको संयुक्त इजलासले गरेको थियो। त्यसको पूर्णपाठ बल्ल सार्वजनिक भएको हो। यसबारेमा सरकारले के गर्ने चर्चासमेत गर्न सकेको छैन।




# Exemplary Felicitation and Awards to the writers of the book My Greater Nepal – An Overview

**Professor Dr. Uttam K. Karmacharya.**

1. Preface

Mr. Shanker Maghiya was kind enough to visit me regarding the request invitation to be the chief guest on behalf of National Political Awareness Campaign ( Ratriya Rajnaitic Jagaran Abhiyan ) some weeks back. I know him very well and used to visit me time to time to share the National Weekly Swatantra Sancharyagram especially with the news and article of National Festive Time Reform Society of Nepal and related articles of Mr. Maheshwor Juju and himself with especial reference to National Political Awareness Campaign related news and articles. Going through several issues of National Weekly Swatantra Sancharyagram I felt myself enriched on National Political Awareness Campaign and National Festive Time Reform Society of Nepal .We appreciate him very much for the important role he played for the promotion of Nationalization and patriotism. As I know he did a wonderful job as a coordinator of to organize a national program to felicitate the ten writers of book recently published ( 2076/ 2019 entitled My Greater Nepal edited by Mr. Rajan Karki. It was a remarkable and exemplary Ceremony conducted by himself as a master of the ceremony. He came to me to offer invitation letter signed by Mr. Paruhang Kuthume Rai Vice Predident of the National Political Awareness Campaign with Mr. Maheshwor Juju and Active member Mr. Krishna Lall Shrestha. Thank you so much Mr. Shaker Maghiya for your consideration and honor.

2. Writers of the book My Greater Nepal (Who is who æææ )




1. Mr. Rajan Karki - Senior journalist; Editor of Weekly Gorkha Express; writer of different books; Editor of the book My greater Nepal ; and Matobadi
2. Mr. Bharat Dahal - Nationalist; Thinker/motivator for promote nationalism;
3. Mr. Premsagar Poudel Chairperson Dafe TV; motivator of Promoting ; and active social thinker.
4. Mr. Buddhi Narayan Shrestha Boundary expert; nationalist ; writers of several books; and interviewee of several TVs of Nepal
5. Mr. Narendra Pd. Upadhyaya- Editor of Telegraph; senior journalist; patriotic/ nationalist; political and thinker/ analyst.
6. Prof.Dr. Shastra Datta Panta (SD Panta ) - writers of many books; political expertise; and nationalist
7. Mr. Ratna Sansar Shrestha, FCA - former administrator; hydrologist; social reformer; and political analyst
8. Mr. Dirgh Raj Prasai Farmer administrator; profounder of Hinduism/ monarchy; nationalist and social reformer
9. Mr. Basanta Khadka young social catalyst ; young journalist; involved in many civil societies / newspaper; creator of youth voices; and young nationalist
10. Mr. Sadhya Bdr. Bhandari revolutionist of citizenship issues; Nepal nationalist; motivator of sustainability of Nepal traditional values/ culture;
and senior politician

3. Special Awardees

Analysts dual of My Greater Nepal former General high level military/ nationalist; thinker social reformer; Dr. Premsingh Basnet and Historian strong Nationalist ;popular socio-political analyst prof. Dr. Surendra KC and the publisher of the book The greater Nepal ; managing committee member of Ratna Sagar publication ; expertise of collection and reading books ; nationalist; social reformer; and mobilizer of social conscience/ consensus Mr. Mohan Bdr. KC were also felicitated with regards / honor and certificate of appreciation in response to their valuable contributions.

4. Major impressions

1. Aforesaid ten write-ups with a preface of Mr. Rajan Karki can be considered as a first land mark in the history of Nepal with special reference to the political, socio-economic and valuable resources of Nepal being used and under used assets of Nepal because of the unbearable hegemony of India for the last fifty rears and beyond.
2. The book can be considered as a resource book for all Nepali citizen of Nepal and working in foreign diplo0matic mission especially in China and India and neighboring countries of Nepal.
3. The book can be prescribed as a textbook of for the political science college and university students.
4. The book can also be considered as a reference book for the national and international border issues of Nepal and Neighboring countries.
5. The official personnel of the ministry of defense and security should study this book thoroughly time to time.
6. The Nepali high level office as the office of the priminiter should have orientation program of these ten writes to all parliamentary members and concern personnel for their information and knowledge.
7. The book will be very useful for having study on international law and international affairs.
8. The book can be prescribed as a major document for the seminar and interaction program of international policy and diplomacy with India and nearby countries. The book should be used as a reference book in the libraries of all ministries especially in the library of parliament and cabinet.
9. This book should be used as a basic textbook specially ambassadors of both India and China.
10. The foreign ministers and priministers of Nepal should study this book thoroughly time to time.
11. With the consideration of the important issues and valuable issues of all concerning writers this book should be widely disseminated as soon as possible.
12. For these purpose, there is an urgent need of publishing this book in Nepali version for wider uses and dissemination.

To sum up and conclude this write up, the writer wishes to congratulate all respectable distinguished Writers of different walks of life for their valuable contribution for the promotional issues of The Greater Nepal in different issues in the days to come. All Nepali People are very interested to go through this valuable book in Nepali version as soon as possible.

Thank you so much for your valuable time and pains taking efforts for the promotion of The Greater Nepal my dearest friend Mr. Shanker Maghiya.




# Smash And Grab

*By Sunanda Datta Ray*

Contd.... CHAPTER 7

Shastri was dead by then, and Mrs Gandhi, who had succeeded him, assured Parliament that "there has been no demand from any responsible quarter in Sikkim laying claim over the Darjeeling district." But India's private reaction was so strong that the Chogyal had to dismiss his wife's theories as a "purely academic exercise", adding: "My government is quite competent to handle any matter concerning the rights and well-being of my country and my people ... without resorting to the assistance of an academic body like the Namgyal Institute or its bulletin."

But the article raised Sikkimese hopes, suggested other areas of dispute, and stirred uncomfortable Indian memories of the duplicity that had been practised on the seventh Chogyal to obtain Darjeeling. New Delhi remembered too that the 1947 memorandum had never formally been withdrawn. There were other reasons for uncase. The study forum had called for rejection of Indian aid if not given "with grace", arguing that Gangtok's willing cooperation was essential for the effective defence of the Himalayas, and Sikkim continued to expound its views with customary bluntness. Kaiser Bahadur Thapa was a rotund Nepalese, always bubbling with cheerfulness, who had seen military service in the ranks. He had evaded British and Tibetan vigilance on the eve of the Second World War to escort a banned team of German explorers to Lhasa. "Revision of the 1950 treaty there must be," proclaimed his journal, "and in keeping with the present-day trend, not only should our treaty be revised but it should also be registered with the United Nations Organization. If our rights are not given to us gracefully, we are prepared to get it anyhow. But in doing so let us hope that we will not be driven to the extreme so that we are compelled to repeat the underground Naga story."

As always, however, the clinching factor seems to have been provided by Beijing. The Indian government later admitted that the Chinese had started a propaganda offensive through loudspeakers installed on the border from 3 July 1966. Kaul was sent to Gangtok in December to court the Chogyal with informal promises. And in February of the following year, New Delhi agreed to depict the Rangpo frontier as the official international boundary between India and Sikkim.

These negotiations were a closely guarded secret until May 1967 when the Chogyal addressed a press conference at the palace to announce that his country's goal. was political freedom and that "he awaited the convenience of the government of India. They have got more important things on their hands than we have." The case was advanced in conciliatory tones. Stressing the "identity of purpose and interests" that bound the two countries, he expressed his firm conviction that the matter would be resolved to the satisfaction of both. The Chogyal stressed the importance of "mutual discussions", ruled out the suggestion of anything like an ultimatum from Gangtok, and promised that "everything will be in mutual interest".

"Your interests are my interests," he told journalists. "We have chosen to throw our lot in with the south. We share the ideology that you follow. But that does not mean merger with India."

Details of the kind of arrangement he had in mind were first spelt out on 6 June when the Chogyal said: "We want India to look after our defence and leave the rest to us." Then came one of those grieving monologues that often embarrassed friends and were exploited by enemies. "We have been pushed around too much by not only Indian officials, but also by others who see even in our simple statements a deep and sinister meaning." The charge had sufficient basis, but it was just the kind of remark that the PO and the press would describe as anti-Indian. It was but a short step from that conclusion to accusing the Chogyal of being soft on China.

India's opportunity to make the allegation arose on 15 June when three executive councillors, Netuk Tsering, Nahakul Pradhan, and; Bhim Bahadur Gurung, issued a statement: Since Sikkim signed the treaty with India, it was within her sovereign rights to demand its revision as one of the signatories..... Every country has the inherent right to exist and maintain. it& separate identity and to review its treaty obligations in the wake of the changing circumstances.

New Delhi was furious. Hope's article could have been called an academic exercise, the Chogyal's private pleas dealt with explanations and promises, but a public demand by politicians in office was quite another thing. There were stormy scenes with the PO until, fearing the consequences of displeasure, the durbar announced that Sikkim's relations with India lay "outside the purview of me powers and functions of the executive councillors". It was not a satisfactory exercise in mending fences. While India remained suspicious, the three party leaders felt that they had been abandoned by their king. But the threatened crisis produced an invitation to visit India for 15 days as guests of the government. There were no hitches-to start with as the red carpet was unrolled when the Chogyal, Gyaimo, and Prince Wangchuck reached New Delhi in September. Mrs G-ndhi was waiting at Palam airport with cabinet colleagues, senior officials, and the mayor of Delhi. Guards of honour were presented by the three services. Nine motorcycle outriders, three each from the army, navy, and air force, preceded the ceremonial cavalcade to Rashtrapati Bhavan. Sikkim's red, white and yellow flag fluttered along with the Indian tricolour above the palace. Dr Zakir Hussain, the president, entertained the royal visitors to a forma) lunch. Mrs Gandhi was hostess at a more elaborate banquet. The president's aeroplane took the Chogyal and his family on a tour of South India.

Hope, however, complained that the car m which Wangchuck travelled did not have the royal complement of flag and escort, such distinctions being reserved only for her husband. The Chogyal noted too that the military band at Palam bad struck up the general salute instead of Sikkim's national anthem. There was an awkward moment in the Meenakshi temple in Madurai when the royal tourists were shown a frieze carved with a mantram: anyone who recited it, explained the priest, could charm listeners into agreement. The Chogyal loudly observed that he would like to test its efficacy on the Indian government. Kaul was back in Gangtok the following year, still lavishly promising the moon, but also to complete arrangements for more important visitors. Morarji Desai arrived soon afterwards. Then in May 1968, Mrs Gandhi paid her fourth visit to Sikkim. Though perceptive courtiers noted her reserve, the prime minister graciously announced that a presidential state visit would take place in April 1970. Kaul, who accompanied her, seemed optimistic about the future, and the Chogyal made many flattering references to the Indian connection. "We have made a modest, but significant, stride in the development of our country with a view to achieving a self-reliant economy," he said in his welcoming address. "This advance has been possible largely through the generous assistance and sympathy received from India." Contd...

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# नेपाल शान्ति र पर्यटनको स्वर्ग हो


डा. शास्त्रदत्त पन्त

गुफा पर्यटन पनि हिमाल, पहाड, घाँच, उपत्यका, समथर खोल्साखाल्सी र लेकबेसीमा निर्मित छन् । नेपाल तपोभूमिका अतिरिक्त अभौतिक बस्तु, मनोभावना, मनोविज्ञान, सोच, चिन्तन गरेर नयाँ निचोड निकालेको थलो पनि हो । यहाँ यसरी खोजगर्ने तपस्वीले आफ्नो जीवनलाई प्राकृतिक अवस्थामा राखेर खोजगर्दा अनेकाअनेक गुफामा बस्ने गर्दथे । त्यस्ता गुफा दुइ थरीका छन्, प्रकृति निर्मित र मानव निर्मित । ती हजारौंको संख्यामा छन् ।

हामीले नेपाल बारेमा दुःख र पीडाका नकारात्मक कुरा मात्र सुनेका छौं । तर यहाका प्राकृतिक वैभव र ती बैभवको सदुपयोग गरेर दुःख र पीडा हटाउने उपाय पट्टि कमैले ध्यान दिएका छन् । यस क्षत्रमा खोज्न बाँकी गुफाहरू लगायत अन्य धेरै कुरा छन् । मुख्य सवाल नेपाल शान्तिका लागि स्वर्ग नै हो ।

हिमाल श्रोत : अति सम्पन्न थोरै मानिस चन्द्रमामा पुग्न लालयित हुन्छन् । त्यसमा आँट नगर्ने सबै यहाँ नेपालमा आउने अनिवार्य वातावरण बन्दछ । किनकि यति उचाइँ भएको, गरागरा र सिढीसिढी परेको दक्षिण मोहडा भएको हिमाली प्रदेश जस्तो पृथिवीमा अन्यत्र कहिं छैन । अतः यसले विश्वका सबै मानिसलाई जीवनमा एक पटक यहाँ भ्रमण नगरी मर्नुपरेमा जीवन सार्थक नभएको अनुभूत गराउन सक्ने क्षमता राख्दछ । भौगोलिक पर्यटनमद्धे हिमाली प्रदेश पर्यटन सबैभन्दा महत्वपूर्ण छ । यसमा धेरै कुराबाट विश्वलाई आकर्षण गर्न सकिन्छ । पर्यटन उद्योगहरू संचालन गर्न सकिन्छ । हिमश्रोत अवलोकन, जल विहार, हिमालय राष्ट्रिय निकुञ्ज, पर्वतारोहण, साहसिक खेल, पशुपंछी विहङ्गम, हिमताल अवलोकन, जडिबुटी अवलोकन (अध्ययन), जडिबुटी उत्पादन (संकलन), जडिबुटी प्रशोधन (उत्पादन, उद्योग), आयुर्वेदिक शिक्षालय, चिकित्सालय, शिखर सम्मेलन महत्वपूर्ण छन् । हिम शृखलासंग आबद्ध र हिमालय राष्ट्रिय निकुञ्जसंग दुवै नेपालको एकाधिकार भएका उद्योग हुन् । यी विश्वमा कही पनि छैनन्, हुन सक्दैनन् ।

आर्कटिक क्षत्रपछि विश्वमा सबै भन्दा हिऊँ जम्माहुने ठाउँ हिमालय शृखला हो । सात बिशाल नदीहरू गंगा, इन्दु, ब्रह्मपुत्र, साल्विन, मेकङ, याङत्जे र एलो नदीको श्रोत हिमालय हो । सबैभन्दा धेरै पानी बोक्ने नदी हिमालयको दक्षिण पाटो भएर हिन्द महासागरमा पुग्दछन् । दुबै ध्रुबको अध्ययन त्यति सहज छैन, जति हिमालयको छ । यस श्रोतको सही सदुपयोगकालागि धेरै गहन अध्ययनको आवश्यकता पर्दछ ।

हिमालय राष्ट्रिय निकुञ्ज (प्रस्तावित) पृथिवीकै सबैभन्दा ठूलो हुन्छ । यसको कुल क्षत्रफल नेपालको कुल भूभागको लगभग एक चौथाई हुन्छ । यो क्षत्रमा सबैखाले जडिबुटी, उद्भिद्, जंगली पशुपंक्षीलाई प्राकृतिक रूपमा बृद्धि गराउने थलो हुन्छ । पर्वतारोहण , साहसिक खेल, पशुपंछी विहङ्गम, जरिबुटी अवलोकन र अध्ययन, हिमताल अवलोकन, शिखर सम्मेलन सबै सफ्टवैर र हार्डवैरका रोजगार बढाउँछन् । त्यस्तै पहाड प्रदेशको सौन्दर्य वन र कृषिसंग गासिएको छ । याहाँबाट अनेकखाले बीज उत्पादन गरी विश्व बजार पुऱ्याउन सक्छ । बार्षिक ७० देखि ९० अर्ब अमेरिकी डलरको कारोबार गर्न सक्छ[ज्ञघ] । नेपालले प्रतिवर्ष लगभग ४० देखि ५० अर्ब डलर आर्जन गर्न सक्दछ । यो अतिसयोक्ति होइन । यी जैविक विविधता बोक्ने धरोहर हुन् ; मनोरञ्जनका गन्तव्य स्थलहरू हुन् ; संस्कृति र संपदाका केन्द्र हुन् ; इको टुरिजमका आवश्यक तत्व हुन् ।

३.संङक्षपमा, पहाड प्राकृतिक रूपमै वातानुकूलित प्रदेश हो । लेकबेसीको चलन प्राकृतिक बातानुकुलको व्यवहारिक उपयोग हो । पहाड विश्वमै अद्वितीय सौन्दर्यको भू बनोट हो । यहँ क्षण क्षणमै दृश्य परिबर्तन हुन्छन् । यहँ पृथ्वीको रूपलाई नै परिवर्तन गरेर तरेली पार्ने काम जन बलबाट भएको छ । भऱ्याङहरूको देश आफैमा आश्चर्यको विषय हो । उचाई, भूबनोट र प्राकृतिक स्वरूपका आधारमा चुरे, भावर, महाभार, उच्च पर्वतीय प्रदेश, हिमाली प्रदेश सबै अनौठा छन् । भीर, पहरा, खोल्सा, छाागा, छहरा, अनगिन्ती प्रकारका उद्भिद्, वनस्पती तथा जडिबुटीका विविधिकरण आकर्षणका केन्द्रबिन्दु हुन् । तर यसलाई कसरी पैकेज बनाउने भन्ने कुरा पर्यटन विशेषज्ञ र शिक्षाविद्को अभै खोजको विषय बनेको छ । त्यस्तै पर्वत टाकुरा भ्रमणले नेपाल एउटा टोपी टोपीको देश हो जस्तो लाग्छ । घोप्टयाएर राखिएको टोपीको लहर जस्तो छ । हिमालय श्रीपेच टोपी लहर हो भने पहाड ढाका र भादगाउँले टोपीका लहरहरू हुन् । नेपालका सबै पहाड दर्शनीय छन्, आकर्षक छन् । यस्ता पहाड लाखौंलाख संख्यामा छन् ।

हिमालयको लामो शृखला मात्र नेपालमा छैन, संसारका १४ वटा उँचा टाकुरा मद्धे ८ वटा यहीं छन् । ५५०० मिटर भन्दा अग्ला १३१० वटा चुचुरा छन् । ३२५२ वटा हिम नदी र २३२३ हिमताल पनि छन् । खोज्न बाँकी हजारौं छन् हिमालयतिर ०.६ डिग्री सेल्सियस तापक्रम प्रतिवर्ष बढिरहेको छ । हिमपैरो र हिमताल फुटेर उत्पन्न हुने ध्वनीको अलौकिक रिकर्ड गर्न विश्वका धेरै संगीतज्ञ र संगीतका व्यापारी समेत पर्यटक भएर यहा वर्षौं कुर्न थालेका छन् । संगीत पर्यटनमा यो थप आयाम हो ।

जल श्रोत : नेपालको अर्को नाउँ हिमरास, नदी र खोलाको देश पनि हो । नेपालको जल अथाह छ । सानो देश भएर पनि जलस्रोतको क्षेत्रमा विश्वमै नेपालको स्थान दोस्रो छ । उत्तर र दक्षिण धुबपछिको हिमश्रोत नेपाल हो । दुई ध्रुवको पानी त्यति जनउपयोगी छैन तर याहाँको शतप्रतिशत उपयोगी छ । विश्वको एक चौथ्याई जनतालाई तृप्त गर्न सक्छ । यहाँ ६ हजारभन्दा बढी हरप्रकारका नदी र खोलाहरू छन् । यी नदी र खोलाहरू अन्य देशमा भैं जमेर बहँदैनन्, यी खोलाहरू छहरा परेर भिरालोमा हाम फालेर वहन्छन् । यसरी हुत्तिएर वहने यस्ता खोलाबाट सहजै विद्यूत उत्पादन गर्न सकिन्छ भने तुरून्तै माथि चढाएर सिचाइ गर्न पनि सकिन्छ । साँच्चै भन्ने हो भने नेपालमा त्यस्तो गाउँ छैन जहाँ जल आयोजना गर्न नसकियोस् ।

गंगा मैदानको सबै पानी ढलोको ४५ प्रतिशत भाग नेपालबाट बहने नदी खोला नाला हुन् भने अति नै सुखा मौसममा बहने स्थिर पानीको ७० प्रतिशत भाग नेपालबाटै गएर मिसिन्छ । हिमालयबाट उत्पत्ति हुने कुल पानीको ७०% पानी नेपालमा छ । यो पानी ३ खरव घनमिटर प्रति सेकेण्डका दरले वहन्छ । अतः नेपालको जलसम्पदा यस भेकमा खास गरेर बंगलादेश, भारत र पाकिस्तानमा विशेष महत्व छ । समन्वयात्मक रूपमा काम गरे पृथ्वीको एक चौथाई जनलाई सेवा दिन सक्दछ ।

आज यो पानी सबैभन्दा महत्वपूर्ण र महंगो बस्तुमा दरिएको छ । यो लाखौं लाख वर्षदेखी अविरल बगिरहेको छ । ईश्वरीय पद्धतिमा पानीको वितरण व्यवस्था अत्यन्त उच्चतम व्यवस्थापनबाट गरिएको छ । पानी नदी–खोला–खोल्सो–मूल–ताल–भूमिगत जलका रूपमा छ । नेपालका नदीहरू जल मार्गका लागि, माछा उत्पादन गर्नका लागि, प्रदुषण हटाउनका लागि, तीर्थ या धर्मक्षेत्रका लागि, पवित्रताका लागि, खानेपानीका लागि, सिंचाइका लागि महत्वपूर्ण मानिएको छ । त्यस्तै सिमसार र जलचरका लागि, जलकृडा र मनोरञ्जनका लागि, पानीभकारी–विधुत–बाँधका लागि पनि अति उपयुक्त मानिएका छन् । यो श्रोतलाई नेपालले समयमै राम्ररी सदुपयोग नगरेको खण्डमा जलराजनीति हाबी हुने छ, र समयमै यसलाई व्यवस्थित गर्न नसके यो भावी युद्धको कारण पनि हुन सक्दछ । अतः यसको सही प्रयोगको साथै नदी प्रदुषण र नदी सिल्टिङ् हुनबाट रोक्नु परेको छ । त्यसकालागि पानी-शिक्षा चाहिएको छ । सत्तामा बस्नेमा पानीको ज्ञान जरूरी छ ।

जल नेपालको सबैभन्दा ठूलो प्राकृतिक सम्पदा भएको कारण यसको समुचित व्यवस्था गरेर सदुपयोग गर्न सके नेपालको सबैभन्दा ठूलो तथा दीगो आयस्रोत यही हुन सक्तछ । तर सही सदुपयोग हुन नसके जल उत्पन्न प्रकोप पनि नेपालको चुनौतिपूर्ण समस्या हुन्छ । जलाधार संरक्षणदेखि यसको व्यवस्थापन, उत्पादन र विक्री वितरणसम्म सानो तहमा व्यक्तिले गर्न सक्ने कुरादेखि अन्तर्राष्ट्रिय ठूलो लगानी गर्नुपर्ने कुरा सम्म पर्दछ ।

जल-धारा भएर बहने यति धेरै पानी प्रायः सबै नै खेर गएको छ । त्यसको केवल २० प्रतिशत मात्र उपभोगमा ल्याउन सकेमा नेपाल अधिराज्यभरि चाहिने विद्युत र विद्युतबाट सञ्चालन हुने साना ठूला उद्योग चलाउन, सम्पूर्ण नेपाललाई सिंचाई गर्न र सबै नेपालीहरूले पिउने पानी समेतलाई पुग्दछ । हालसम्म एक प्रतिशतभन्दा पनि कम पानी उपयोगमा ल्याइएको छ ।

# देशको नेतृत्वकर्ता नै कम्युनिष्ट बिरोधी


सुरेशकुमार पाण्डे

जनताले कम्युनिष्ट सम्झेर पालेका असलमा कम्युनिष्ट बिरोधी हुन् । संसारभरीमा भ्रम छरेर जनताको आँखामा छारो हालेर सत्तामा आलोपालो गर्ने अवसरबादीहरूले कम्युनिष्टको जरा काटिरहेछन् ।

यो देशमा न त कहिले कम्युनिष्टको सरकार बन्यो न अहिले कम्युनिष्ट छन् । बरू बिदेशीहरूको उक्साहटमा छमछम नाच्ने छद्मभेशीहरू सत्तामा काविज छन् । कम्युनिष्ट आन्दोलनलाई बद्नाम गर्ने र तहस नहस पार्ने ठेक्का लिएका अवसरबादी हरूलेगर्दा विश्व कम्युनिष्ट आन्दोलन् नै क्षत बिक्षेत भएको छ । प्रतिकृयावादी शाशकहरू र साम्राज्यवादीहरूले कम्युनिष्ट आन्दोलन सखाफ पार्ने अभियान स्वयम कम्युनिष्ट आन्दोलनमा लागेर उफ्रिने मौका परस्तहरूलाई नै दिएको छ । आधुनिक कम्युनिष्ट पार्टि बनाउन कम्युनिष्टको आधारभुत सिद्धान्तमाथी हमला गरेका छन् । कम्युनिष्ट आन्दोलन हाँक्न आधारभूत सिद्धान्तलाई परिमार्जित गरेर होइन, आधारभूत सिद्धान्तमा टेकेर बर्ग संघर्षलाई हाँक्न सक्नुपर्छ ।

कुनै हाँगाले वर्ग संघर्ष त्याग्यो, कसैले द्वन्द्वबाद त्यागे । मार्क्सवाद-लेनिनवादी माओ बिचारधाराको ऐतिहासिक र आधारभूत सिद्धान्त बिनाको कम्युनिष्ट पार्टी होइन बरू दक्षिणपन्थी अवसरबाद हो । कार्ल मार्क्स र फ्रेडरिख एंगेल्शले १८४८ जर्मनमा जन्माएको कम्युनिष्टलाई लेनिनले १९१७ को अक्टुवर क्रान्तिको दौरानमा रूसमा बर्ग सघर्षको विजय गरेर संसारको इतिहासमा पुष्टी गरेका थिए । त्यही रूसको भूमिमा कामरेड स्टालिनको मृत्युपछी १९५६ मा खुश्चेवले ग्लास्नोस्त र प्रेसत्रोइका लागु गरेर पुजिवादको पुर्ननिर्माण गरियो । जुन कम्युनिष्ट आन्दोलनलाई संसार भरिका प्रतिकृयावादीहरूले लडेर जित्न सकेनन् । त्यो कम्युनिष्ट आन्दोलन भित्र पसेका छद्मभेषीले एकै भट्कामा तितरबितर गर्न सफल भए ।

कम्युनिष्ट संसारको एउटा यस्तो शक्ति थियो जो गरिब श्रमजीवीहरू र सर्वहाराहरूको हक हितको रक्षकको रूपमा पहिलोपल्ट नौलो राजनीतिक मार्ग बन्यो । गरिब, महिला, दलित, आदिवासी जनजाती र संसारभरीका मुक्ति कर्मी र गरिखाने जनताहरूको लागी यो भन्दा पहिले यस्तो सिद्धान्त कतै उदाएको पनि थिएन ।

मार्क्सवादी दर्शन भनेकै विज्ञानिक रूपमा गरि खाने बर्गको दर्शन हो । जसलाई ठग शासक र शोषकहरूले आफ्नो बलबुताले भ्यायसम्म पराजित गर्ने र तहसनहस पार्ने उद्देश्यलाई कम्युनिष्टभित्रै लुकेका तत्वहरूद्वारा पुरा गर्दै आएको छ ।

यो हाम्रो देशको कम्युनिष्ट आन्दोलनको सन्दर्भमा पनि सत्य हो । अहिले बाहिर बाट हेर्दा देशभित्र कम्युनिष्टहरूको भिड् देखिन्छ । तर त्यो एउटा आवरण मात्र हो, देशभित्र कम्युनिष्टको अनिकाल छ । अहिले प्रतिकृयावादीले हाम्रो देशमा सबै कुरा त्यागेर देशलाई कसरी जोगाउने र जनताले रगतसँग साटेर ल्यायको यो बहुदलिय व्यबस्थालाई कसरी जोगाउने ? त्यो घुम्तिमा पुराइदिएका छन् । देशभित्र सुनको तस्करमा माओवादीहरूका नेताहरू नै फसेका छन् । जस्को नेतृत्वमा सरकार चलेको छ, उनैको संरक्षणमा भ्रष्टाचार पनि हुर्किंदै बढ्दैछ ।

केही वर्षमा यही अबस्थाको बिकास भयो भने देशलाई जोगाउने आन्दोलनको समेत अनिकाल पर्न सक्छ । कम्युनिष्टको दोसाला ओढेर र लोगों भिरेर उनीहरूको कार्यकालकै द्वौरान देशमा भ्रष्टाचार बढ्यो, बिदेशीहरूको चलखेल बढ्यो, देशमा महंगी बढ्यो, राष्ट्रघाती र जनघाती सन्धी सम्झौताहरू भइरहेका छन् ।

देशको बिडम्वना भनौं वा दुर्भाग्य भनौं सबैभन्दा बढी न्यायालयमा अनहोनी भएकोछ । न्यायालय जस्तो देशको पवित्र र गरिमामय स्थानमा पनि राजनीति बिभेद र सर्वदलीय न्यायालयजस्तो देखिनु देशको लागी दुर्भाग्य नै हो ।

अपराधीहरूलाई आम माफी हुनु भनेको न्यायलयको र पिडित पक्षको उपहास नै हो । त्यसबाट जाने सन्देशले सन्सारभरी देशको छबिलाई धुमिल्याईदिन्छ । गौर हत्या काण्ड अहिले १७ वर्ष पुग्यो । त्यसका दोषीहरू खुलेआम राजनीतिमा छन् । त्यो मात्र होइन उनिहरू देशको प्रभावशाली ठाउँमा पुगेका छन् । निर्मला हत्याकांड वि.स.२०७५ को साउनमा घटेको थियो त्यसको अहिलेसम्म अपराधी भेटिदैनन् वा सबै सरकारको छत्रछायाँमा सुरक्षित छन् । सरकारले वा गृह मन्त्रालयले ती फाइल खोल्छ जुन फाइलमा प्रतिपक्षहरूलाई फसाउन सहज होस्, आफ्नालाई बचाउन । फसाउने फाइल तन्किंदै जाँदा सरकार पक्षको अनुहार भल्किन थाल्छ र त्यो फाइल अनापसनापमा छानविन गराउने बहानामा चिसो बाकसमा थन्क्याउने काम हुन्छ ।

मदन भण्डारी र जिवराज आश्रृत हत्याकाण्ड, प्रेम धामी हत्या काण्डहरू अहिले पनि दुर्घटनामा सिमित छन् । राजदरवार हत्याकाण्डको दोषीहरूको कुनै अत्तोपत्तो छैन् । देशभित्र सिमाना पारीका प्रशासन आएर हप्की दप्की गर्छन्, पत्रकार आएर रिपोर्ट बनाउँछन् । जनताले बिरोध गर्छन् । सरकार पक्ष मौन देखिन्छ ।

बिगतमा प्रचण्डले भनेको एउटा कुरामा सच्चाई थियो त्यो भारतीयहरूको सहयोगबाट नै उनी सरकारमा छन् । जानिनजानी उनले सही बोलेका थिए । देशको सार्वभौम सत्ताको बागडोर बिदेशीको हातमा पुगेको यो पक्का प्रमाण थियो । त्यसो भन्दा कत्ति पनि लाज नमान्नुमा उनको इमान्दारिता हो । कठै नेतृत्व ?

बिदेशी शक्तिले के चाहान्छ भने यी कम्युनिष्ट भनौदाका हातबाटनै तमाम राष्ट्रघाती जनघाती कृयाकलाप भयो भने एउटा तिरले दुइवटा सिकार गरिन्छ । एउटा उनीहरूको काम फत्ते हुन्छ । आर्को कम्युनिष्ट संसारभरी बद्नाम हुन्छन् ।

भदौ १३ देखि एमसीसी पास गराउने नेतृत्वले ५ वर्षमा यो परियोजना पूरा गराउन कार्यान्वयन थालेका छन् । प्रचण्ड अमेरिका हिडेका छन्, त्यहाँबाट चीन पुग्छन् र बीआरआई कार्यान्वयनको सम्झौता गरेर फर्कनेछन् । हाम्रा नेताको काम विदेशी योजना कार्यान्वयन गराउने हो । हुन त लाभ देशलाई हुन्छ । राष्ट्र भूराजनीतिको भूमरीमा फस्दै जाँदा निस्कन सकेन भने के हुन्छ ? खोई संसदमा समीक्षा ?


देशमा साँढे छ दशकसम्मको बलिदानीपूर्ण संघर्षबाट आएको गणतन्त्र र धर्म निरपक्षता माथि खतरा मात्र होइन चौतर्फीय हमला भइरहेको छ । गणतन्त्रको संस्थागत बिकास, बिदेशीको चलखेलमा रोक, महंगी नियन्त्रण र अपराधी र भ्रष्टाचारीहरूलाई कार्वाही गर्नुको साटो ठिक उल्टो हुँदै आएको छ । धार्मिक रक्तपातको खतरा बढेको छ । यसको जिम्मेवार वर्तमान नेतृत्वले लिनुपर्छ ।

घटनाक्रमबाट के बुझियो भने कम्युनिष्ट आन्दोलनकै आवरणभित्र कम्युनिष्टको अवसान हुँदैछ । त्यही उद्देश्य प्राप्तिका लागि विश्वशक्तिले यी लाल गद्धारहरूलाई ठेक्का दिएका छन् । पैसा र स्वार्थ पूरा भयो भने जितियो भन्ने मानसिकता खतरनाक देखिन्छ । यही अहिलेको उनीहरूको व्यवहारले पुष्टी गर्दै गएको छ ।

दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित
गुनासो दर्ता गर्ने सम्बन्धी सूचना !

नेपाल दूरसञ्चार प्राधिकरण, उपभोक्ता हित संरक्षण शाखा,
जमल, काठमाडौं, नेपाल ।
पो.ब.नं.: ९७५४
फोन: +९७७-१-५३५५४७४, ५३५४७१७, ५३५५६४९
फ्याक्स: +९७७-१-५३५५२५०
इमेल: ntra@nta.gov.np, वेबसाइट: www.nta.gov.np

# कृष्णप्रकाश शाह र उनको अमूर्त कला


रमेश खनाल
कलाकार, कला समीक्षक

अमूर्तकलाको सम्बन्ध आध्यात्मसँग हुन्छ । अमूर्तकला सृजना गर्ने कलाकारले जीवनको सुख, शान्ति, आनन्द र परम





आनन्द प्राप्ती गर्ने लक्ष्य राख्छन् । तर जीवनको परम आनन्द प्राप्त गर्न कलाकारले कठिन यात्रा तय गर्नपर्छ । दृढ संकल्प, अटुट साधना, अध्ययन र अनुसन्धानपछि मात्र जीवनको परम आनन्द प्राप्त हुन्छ । यस्तै कठिन यात्रा रोजेका छन् युवा कलाकार कृष्ण प्रकाश शाहले आफ्ना अन्तर भावना र अनुभूति नामक अमूर्त चित्रहरूमा उनका चित्रहरू विषयवस्तुगत दृश्य साक्षात नभएर अन्तर मनका तरङ्गसँग आबद्ध भएका छन् । रंगको बहावलाई जिवन्त रूप दिन निपूर्ण ठानिएका कलाकार कृष्ण प्रकाश शाहको यतिखेर तेस्रो एकल कला प्रदर्शनी नेपाल आर्ट काउन्सिल, बबरमहलमा गतवर्ष भएको थियो, कलापारखीले परख गरे ।

"आत्मिक भावनाहरूको प्रस्तुतिमा शब्दहरूको कमी महशुश भईरहँदा रङ्गहरूद्वारा तरङ्गीत मेरा चित्रहरू अभिव्यक्तिको सशक्त माध्यम बन्न सक्छन् । यसैले रङ्गहरूद्वारा सृजित कलाहरू नै अनुभुत गराउने सबैभन्दा शक्तिशाली ती माध्यमहरू हुन् जसले सिधै आत्मासँग सम्बन्ध राख्दछन्" भनि आफूले अमूर्त चित्र बनाउने कारण स्पष्ट पार्दछन् कलाकार कृष्ण ।

कलाकार शाहले केही वर्षदेखि अमूर्त शैलीमा आफ्ना मनका तरंग, उमंग, उत्साह र संवेगहरूलाई सम्प्रेषण गर्दै आएका छन् । रातो, निलो, पहेंलो, हरियो खैरो, सुन्तले रंगहरूमाबनाएर अमूर्त चित्रहरू बनाउन यसपटक पनि उनी खरो रूपमा उत्रिएका छन् ।

उनले सृजना गरेका अमूर्त चित्रहरूमा रंगको उग्रगति, यता उता, माथि तल दौडिएको देखिन्छ । रंगलाई ल्फोटिङ्ग गरेर एक अमूर्त आकृतिभित्र आफ्ना मनका भावनाहरू तादाम्य गर्न कलाकार कृष्ण प्रकाश शाह उद्धत्त छन् । उनले चित्रको माध्यमबाट परम आनन्दको अनुभूति गर्न खोजेका छन् ।

उनी भन्छन् "एकाग्र भई घोरिएर हेर्दै जानुभयो भने बिस्तारै मेरा चित्रहरूमा भएका रङ्गहरूको तरङ्गसँगै तरङ्गित हुँदै एउटा यस्तो भावनाको संसारमा पुग्नु हुनेछ जुन मानसिक अवस्था मेरो चित्र बनाउँदा थियो र मैले पाएको त्यही परम आनन्दको अनुभूति कला पारखीहरूमा सेयर गर्न चाहन्छु ।" रंग एउटा यस्तो माध्यम हो जसको निपूर्ण प्रयोग गर्नाले मानिसभित्र जेलिएर बसेको रिस, राग, दुःख र पीडालाई केही कालको लागि भुल्न सकिन्छ । सुख र आनन्दलाई निम्ताउने सशक्त माध्यम पनि रङ्ग नै हो । अतः रङ्गको सम्बन्ध मनोसुखसँग छ । रंगको महत्वलाई स्वीकारेर परम आनन्द, असल जीवन, सुस्वास्थ्य, सकारात्मक सोचाई, लगायत विभिन्न विधाहरूमा मनोविज्ञहरूले प्रयोग गर्दै आएका छन् । कलाकार कृष्णप्रसाद शाहका चित्र हेर्नेले मनभित्रको शान्तीपना महसुस गर्दछन् । यससपटक कलाकार शाह निकै माझिएर आफ्ना क्यानभासहरू बीच देखापरेका छन् । उनले आफ्ना चित्रहरूमा टेक्चर, प्रकाश र छाँया, टोन परस्पेक्टीभ दृश्यलाई विशेष महत्व दिएका छन् । त्यसैले उनले बनाएका अमूर्त चित्रहरू सुन्दर लागेका छन् । उनको चित्रहरू अवलोकन गर्नेलाई एक अन्तर भावनको नजिक पुग्न मद्दत पुग्दछ । हुन पनि हो उनका चित्रहरू बाह्य जगत वस्तुसँग आबद्ध छैनन् । आत्मिक खुशी र आनन्दको खोजी गर्न उद्धत रहेका छन्, उनका चित्रहरू । स्वयंमा अमूर्तकला एक बोधगम्य विषय बनिरहेको छ । तर जसले हात हालेका छन् ती कलाकारहरू एक शैलीमा स्थिर भएर बस्न सक्नु भनेको धेरै राम्रो कुरा हो । कलामा स्नाकोत्तरसम्म पढेका कलाकार शाहले धेरै पटक सामूहिक कला प्रदर्शनी र कला कार्यशालाहरूमा भाग लिएका छन् । उनी कला विधाका विभिन्न पुरस्कारहरूबाट विभूषित भएका छन् । उनको यो तस्रो एकल कला प्रदर्शनी फेरि फेरि हुनेछ ।




# यस्तो पनि परिवर्तन ?

बजारमा चर्चा छ, उमेर र स्वास्थ्यका कारण वर्तमान राष्ट्रपति रामचन्द्र पौडेललाई राजीनामा गराएर पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठलाई राष्ट्रपति बनाउने । हुन त विद्या भण्डारीपछि नै कल्याण श्रेष्ठको चर्चा थियो, कांग्रेस सभापति देउवाको इन्कारीले त्योबेला टरेको थियो । प्रचण्ड निकट पत्रकारले यो समाचार प्रेसित गरेपछि चर्चा बाक्लिएको छ । यो परिवर्तनमा सेनाले पनि सघाउने भनिदैछ । यही असोजभित्र आमूल परिवर्तन हुने सम्भावना देखेकाहरू भन्छन्- हामीले खोजेको यस्तो परिवर्तन होइन । राजालाई पनि स्पेश दिएर सहमतिको राजनीति अघि बढ्नुपर्छ । जसरी पञ्चायतले सबैलाई नसमेट्दा असफल भयो, ०४६ पछि बहुलले माओवादीलाई नसमेट्दा बहुदल असफल भयो । अहिले राजसंस्थालाई निषेध गर्दा यो पद्धति नै असफल भएको छ । राजशक्ति पनि राजनीतिक शक्ति हो । सत्य यही हो । यो व्यवस्थाका सञ्चालकहरू असफल भएपछि अधिकांश नेपाली राजसंस्थातिर हेरिरहेका छन् । कल्याण श्रेष्ठलाई राष्ट्रपति बनाएर केही हुनेवाला छैन ।

मुख्य कुरो सबै पक्षलाई समेट्नुपर्छ । विदेशी शक्तिको चाहनामा मात्र यो खेल खेल्न खोजिएको हो भने यसको प्रतिफल विदेशीले पाउनेछन्, पुरस्कार कल्याण श्रेष्ठले । जनताको आँखामा भ्रममात्र पर्नेछ । जनताका लागि दुर्दिन निरन्तर रहनेछ । सर्वोच्च अदालतमा आइएनजीओ भित्र्याउने कल्याण श्रेष्ठको अभिष्ठ, कहाँबाट परिचालित छन्, धेरैल बुझेका छन् । उनी राष्ट्रपति भएपछि कसको स्वार्थ पूरा हुन्छ ? यो रणनीति पनि चीनलाई घेर्ने रणनीतिकै अर्को कडी हुनसक्ने आँकलन छ । एमसीसी मान्ने माओवादी, पास गर्ने माओवादी, अब कल्याण श्रेष्ठलाई राष्ट्रपति बनाउन अघि सर्ने माओवादी । यो सबै संसदमा रहेको संक्रमणकालीन न्याय व्यवस्थापनको लागि हो, पार्टी र मेलमिलापको वातावरण बनाउन विदेशी समर्थनका लागि हो भन्ने अनुमान गरिदैछ । हरेक ठूला दल र नेता कुनै न कुनै काण्डमा मुछिएकै छन् । सबैभन्दा ठूलो समस्या जनयुद्धकालीन मुद्दा नै हो, यसको अन्त्यका लागि वातावरण बन्दैछ । पश्चिमालाई फाइदा पुऱ्याएर, आफूमाथिका कलंक धुने प्रयास हुँदैछ । भन्नैपर्छ, नेपाल र नेपालीका लागि आगामी दिन सुखद छैन । चीन, रूस, अमेरिका र पश्चिमाहरूको चेपुवामा नेपाल परिसकेको छ । नेपाल भूराजनीतिको भूमरीमा परेकाले राजनीति पनि त्यही अनुकूल हुँदै गएको छ । राष्ट्रपति फेरिदैमा हुने केही होइन, राष्ट्र बलियो हुन नेपाली एकढिक्का हुनैपर्छ । कुनै पनि चुनावमा विदेशपरस्त र राष्ट्रघाती नेताहरूलाई जनताले ठाउँका ठाउँ किनारा लगाइदिनुपर्छ । पराईको ब्ल्याकमेलमा परेर देशका स्थापित नीतिसमेत परिवर्तन गर्न खोज्ने नेताहरूलाई तिनको कुकर्मको फल अर्थात दण्ड दिने जनताले नै हो । बिगत १७ वर्षमा पार्टी र नेता असफल भएकाले अब राजसंस्था पुनर्स्थापित गर्नैपर्छ । कुनै पनि दलले अभिभावक बन्न नसकेकाले देश लथालिङ्ग हुनपुगेको हो । जबसम्म यो शासन प्रणाली रहन्छ, जबसम्म यिनै दण्डित हुनपर्ने नेतृत्व कायम रहन्छ, जबसम्म भ्रष्ट चरित्रहरूले सिंहदरवारदेखि पालिका वडासम्म सम्हाल्छन्, तबसम्म यहाँ कुनै माखो पनि मर्नेवाला छैन । दुर्गतिमा परेको मुलुक अझ रसातलमा पुग्दै जानेछ ।

हिजोसम्म आन्तरिक द्वन्द्व थियो, चर्किरहेकै छ । अब बाह्य दबाब बढेको छ । नेपालले थाम्नै नसक्ने दबाब बढेको छ । नेताहरू देशको भविष्य जोखिममा पारेर आफ्नो ज्यान जोगाउन र राजनीतिक भविष्य सुरक्षित गर्न जस्तोसुकै कदम चाल्न तैयार देखिन्छन् । शान्तिक्षेत्र नेपाल अफगानिस्तान बन्नेतिर उन्मुख देखिन्छ । इतिहासमा अंग्रेज, बिस्तारवाद, चिनियाँसमेत हारेको थियो नेपालसँग । फेरि त्यस्तै खतरा बढ्दो छ । नेपाली जनता राष्ट्रवादी छन्, नेता साग गलेजसरी गल्लान्, जनता गल्दैनन् भन्ने बुझ्नुपर्छ । विश्वका लागि उचित यही हुने छ कि नेपालमा बादशाह धेरै भए, सरकार धेरै भए, एउटा सरकार र एउटा राजसंस्था पुनर्स्थापना गर्न सघाउनु उचित हुनेछ । यी नेताको भरविश्वासमा पर्दा केही समय विश्वशक्तिलाई वातावरण अनुकूल भएको अनुभूति भएको हुनसक्छ, यथार्थमा जो देशको हुनसकेन, ती विदेशीका लागि कतिबेर काम लाग्लान् ? सोच्नुपर्ने विषय यही हो । रामचन्द्र पौडेल हटाएर कल्याण श्रेष्ठलाई राष्ट्रपति बनाएर के हुने ? राजसंस्था पुनर्स्थापित गरे नेपाल र नेपालीको भविष्या, विश्वसम्बन्धमा बल पुग्नेछ, चेतना भया ।

संविधान दिवस,
२०८० भव्य रूपमा मनाऔं ।

संविधान दिवस २०८० को अवसरमा
असोज २, ३ र ४ गते
विभिन्न कार्यक्रमको
आयोजना गरौं ।

घर तथा कार्यालयमा
दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तीज किन भड्किलो हुँदै गयो





देवी काफ्ले

नेपाली हिन्दू महिलाहरूको महान् चाड हरितालिका तीजको रौनक सहर-बजारमा ब्यापक भैसकेको छ । तीजमा महिलाहरू आफ्नो स्वास्थ्य र श्रीमान्को दीर्घायुको कामना गर्दै ब्रत बस्छन् । यद्यपि समयसँगै संस्कार र संस्कृतिमा निकै परिवर्तन आएको छ । यद्यपि यसको महत्वमा कुनै कमी देखिँदैन । हिजोआज सहरी क्षेत्रको तीज भड्किलो हुँदैछ भने तीजको रमझममा पनि पश्चिमेली शैली मिसिन थालेको देखिन्छ । फलस्वरूप तीज केही उत्ताउलो हुन थालेको र यसको मौलिकता हराउन थालेको देखिन्छ ।

पौराणिक कालमा हिमालय पुत्री पार्वतीले श्रीमहादेव पति पाउँ भनी गरेको ब्रतका प्रभावले श्रीमहादेवसँग बिवाह भएदेखि नै अविवाहितले असल पति पाउँ भनी र बिबाहितले पतिको दिर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै ब्रत बस्ने चलन चलेको मानिन्छ । अझ निराहार ब्रत बस्यो भने त झन् उत्तम फल मिल्छ भनेर निराहार ब्रत बस्ने चलन पनि छ । समयको परिवर्तनसँगै आज तीजको महत्वलाई पश्चिमा शैलीमा ढाल्दै गरेको आभाष हुन थालेको छ ।

तीजको यस्तो ब्रतलाई कतिपयले त महिला माथीको दमन, सामन्ती चाड पनि भन्ने गर्छन् । पतिका लागि पत्नी ब्रत बस्छिन् भने पत्नीका लागि पति किन बस्दैनन् ? ब्रत भनेर ट्यारट्यार गर्नेको कमी छैन । वास्तवमा पौराणिक कालदेखि चलिआएको चलन हो त्यही अनुसार ब्रत बस्दा भयो यदी ईच्छा लाग्दैन भने नबसे पनि भयो ।

तीज बिबाहित चेलीहरूको लागि सुखानुभूतीको चाड थियो । आफन्त मिलनको चाड थियो । बेदनाका पोका फुकाउने चाड थियो । कृष्णजन्माष्टमी देखी बिहे गरीदिएका चेलीहरू माइतीमा आएर घरमा खेपेका वेदनाका पोकाहरू समूहमा गीतका रूपमा ब्यक्त गर्ने गर्थे । छिमेकमा पालैपालो चेलीबेटीलाई काँक्राको अचार, करेला भेंडरीको अचार, चिचिन्डो, घिरौंलाको तरकारीसँग कुहिनासम्म घिउ चुहाउँदै मायाँ र ममताले खुवाउँदाको तीजको दरको महत्व आज पार्टी प्यालेसको वाइन र बियरसँग लेगपिस लुछेर मनाउँदै मुन्नी बदनाम हुई भन्दै ढिकी डान्स गर्नेले तीजको मर्म र परम्परा संस्कृतिलाई आर्यघाट पुऱ्याइदिएका छन् ।

चाडबाड भड्किलो केही धनाढ्य तथा देखावटीमा रमाउने अझ भनुं त टुप्पाबाट पलाएका महिलाले बनाए भन्न अब डराउंदिन म । मान्छेको मन हो अर्काको देखेपछी त्यस्तै लगाउन खान मन लाग्नु स्वभाविक हो । हुनेले एकैदिनमा चार थरी लुगा फेरेर फरक पार्टी एटेन्ड गर्छन् अनि अलि कमजोर अवस्थाका महिलाले ऋणमा सारी खरीद गर्दिन्छन्, गहना खरीद गर्छन्, त्यो पनि नक्कली । नक्कली गहना एकछिन लगाउने हो त्यसलाई बेच्दा न त पैसो पर्छ न त आउने समयलाई हुन्छ । देखावटी गर्दा बेफाइदामा पैसा फजुल खर्च हुन्छ जस्ता कारण घर ब्यावहारमा कति घाटा हुन्छ सोच्नुस् त ?

हुन त मलाई पटक पटक महिला बिरोधीको ट्याग लागिरहन्छ । तर बिकृती र बेथिति बिरूद्ध बोल्नै पर्छ । पश्चिमा भन्दा पनि भारतीय संस्कृतिले ब्यापक जरा गडाईराखेको छ । हरेक क्षेत्रमा संस्कृतिमाथि जाइलाग्ने प्रबृतिलाई हामी आंफै प्रश्रय दिइरहेका छौं । तीजलाई हामीले परम्परागत मान्यता र विधि नमर्ने गरी परिस्कृत गर्दै लानुपर्छ । शिक्षित र सभ्य समाजमा हुर्किएका आधुनिक महिलाहरूले तीजलाई झन् सभ्य र उल्लासमय अनि संस्कारयुक्त बनाउनुपर्ने पर्ने हो । तीज आधुनिकीकरण गर्ने नाममा भड्किलो र असभ्य बनिरहेको छ । आफूलाई आधुनिक र सहरिया मान्ने महिलाहरू पैसा उठाएर होटलमा भेला हुने पार्टी आयोजना गर्ने गर्छन् र लट्ठिने गरी मदिरामा डुब्छन् । तीजका नाममा भित्रिएको यो सबैभन्दा दुर्गन्धित पक्ष हो । इज्जत र सभ्यता अनि सुन्दर देखिन नभई अरूको देखासिकी र प्रतिस्पर्धाका लागि गहना लगाउने चलन पनि भित्रिएको छ । त्यसले आर्थिक भार पनि बढिरहेको हुन्छ । यस्तो व्यवहारले मौलिक संस्कृतिलाई पनि ओझेलमा पार्छ । यो पर्वको सांस्कृतिक महत्वको जगेर्ना गर्न विकृतिहरू हटाउँदै जानु आवश्यक छ । तर आजको तीजमा बिकृति त पुरानो चलनलाई पो मान्दिएका छन् र त दर खाने कार्यक्रममा उच्छृंखल नृत्य प्रस्तुत गरिरहेका छन् । हिन्दी गाना बजानामा रमेका छन् ।

लोग्नेछोरा बिदेशमा ५०/५५ डिग्रीको तापक्रममा ज्यान जोखिममा राखेर बाउको ऋण नतिरी शहरमा स्वास्नीलाई तिज मनाउन ऋण खोजेर पैसो पठाउँछन्, यता स्वास्नीसोचे झैं जीन्दगी रैनछ भन्दै पार्टीप्यालेसमा हजार हजार तिरेर रक्सीमा मात्तिएर तीज मनाइदिन्छे । समाजमा आज देखिएका बिकृतिहरू मसिनो गरी केलाएर हेर्ने हो भने देखासिकीमा रमाउनेले मलजल गरेको देखिन्छ । तीजमा जेजस्तो बिकृति देखिएको छ, त्यो सबैका लागि चिन्ता र चासोको विषय बन्नुपर्छ ।

बिभिन्न संघसंस्थहरूले आजकल सामुहिक दर खुवाउने कार्यक्रम राख्छन् । चेलीबेटी, दिदीबहिनीमा आत्मियता बढाउन पर्ने हो तर त्यहाँ त गहना र कपडाको प्रदर्शनी, प्रतिस्पर्धा मेला जस्तो पो हुन्छ । यसले पनि अलिकति धनी र गरीब बिचको आत्मियतालाई ईर्ष्याको भूमरीमा खाँदेको छ ।

पौराणिक रीतिको बारे चर्चा गर्ने हो भने हामी पुरै सामन्ती भइन्छ । चलन नमान्ने हो भने रक्सी र मासुको दर खाएर ब्रत कसलाई देखाउन बस्ने ? ब्रत बस्न कर छैन, मन लागे ब्रत बस्दा हुन्छ नलागे नबस्दा हुन्छ तर देखावटी ब्यावहार किन गर्ने ? यो मुख्य प्रश्न हो ।

हुनेखानेले देखाएको ढर्राले गर्दा हुँदा खाने महिलाहरूको मनमा लागेको ठेसले गरीबीको रगत छताछुल्ल हुन्छ । शहरका तारे होटलमा गरीएको तीज उनै वेपाली नारीहरूले तस्वीरमा हेरेर अचम्म मान्ने दिन आए । यस्तो बिकृति हटाउन हामी सबै जागरूक हुनुपर्छ । तीजलाई मुम्बइया डान्स होइन टिपिकल नाचगानसाथ मनाउनु पर्छ । तीज मान्नुपर्छ, आमा, हजुरआमाहरूले कसरी तीज मनाउँथे, त्यो संस्कार पनि हेर्नुपर्छ । तीज सम्पत्तिको विज्ञापन गर्ने पर्व होइन । सबैलाई तीजको शुभकामना ।

# समाजवादी मोर्चा तात्यो, सेलायो



गत असार ४ गते विप्लवसमेत सहभागी भएर बनेको समाजवादी मोर्चा इतिहासको आवश्यकता भनियो तर यो मोर्चा जुन तरिकाले तातेको थियो, बिस्तारै सेलाउँदै गएको अनुभूति गर्न थालिएको छ ।

यहाँसम्म कि मोर्चामा समाहित भएका विप्लवले सत्तारूढ माओवादीले भदौ १३ गतेदेखि कार्यान्वयनमा ल्याएको एमसीसीको बिरोधमा ७ जिल्लामा बिरोध सुरू गरेको छ । अर्थात् मोर्चामा धाँजा पर्न थालेको देखिन्छ ।

असार ४ गते विप्लवले भनेका थिए- 'माओवादी मोर्चा हुँदै सबै कम्युनिस्टलाई एकताबद्ध गर्ने हाम्रो प्रयास जारी रहन्छ, समाजवादी मोर्चा आफ्नो लक्ष्यमा पुग्न प्रतिबद्ध छ ।' एमसीसी कार्यान्वयनका कारण विप्लव सन्तुष्ट छैनन् । त्यसदिन प्रचण्डले जसपाअध्यक्षलाई समेत कमरेड भनेका थिए । गौर हत्याकाण्ड सामसुम पारिएपछि उनी खुशी छन् । ललिता निवास प्रकरणमा माधव नेपाल चोखिएपछि उनी पनि प्रचण्डसँग खुशी देखिन्छन् ।

समाजवादी मोर्चामा शंका उपशंका केही छैन भनिए पनि भित्रभित्रै अनेक संशय उत्पन्न भएको छ । चारदलीय समाजवादी मोर्चा, नेपालमा अनेक आशंकाहरू बढ्दै गएको र मोर्चा नाममात्रको रहेको बताइन्छ । असार ४ पछिको ३ महिनाको अवधिमा मोर्चामा कुनै तात्वीक सक्रियता केही पनि देखिएको छैन । नेकपा माओवादी, एकीकृत समाजवादी, जसपा र नेकपा (विप्लव) ले निकै गर्मजोशीका साथ घोषणापत्रमा सही गरे पनि सही गरेपछिका दिनमा घोषणापत्र थन्क्याउने विषय बनेको देखिन्छ । यो मोर्चाले नतिजा नदिने विश्लेषण हुँदैछ ।

